मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

# बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना

## २०७८/०७९-२०८८/०८९

मधेश प्रदेश सरकार

महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय

जनकपुरधाम, नेपाल

प्रदेश सचिव

## खण्ड "क"


१. पृष्ठभूमि ........

२. बालबालिकाको अवस्था ........

३. विद्यमान नीतिगत तथा कानुनी आधारहरु ........

४. बालबालिका सम्बन्धी संरचनागत व्यवस्था ........

५. प्रादेशिक रणनीतिक योजनाको औचित्य ........

६. प्रादेशिक रणनीति योजनाका सिद्धान्तहरु ........

७. रणनीतिक योजना तर्जुमा गर्दा अपनाइएका विधि र प्रक्रिया ........


## खण्ड "ख"


८. लक्ष्य ........

९. उद्देश्यहरु ........

१०. रणनीतिहरु ........

११. रणनीतिक कार्यदिशा ........

१२. योजनाको तार्किक ढाँचा ........

१३. अनुगमन, मुल्याङ्कन तथा अभिलेखिकरण ........

१४. कार्यान्वयनको समयावधि ........

१५. स्रोतको अनुमान तथा परिचालन ........

१६. जिम्मेबार निकाय र भूमिका ........


प्रदेश सचिव

# बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना

## २०७८/०७९-२०८८/०८९

## खण्ड "क"

## परिचय

### १. पृष्ठभूमि

विवाह व्यक्तिको नैसर्गिक अधिकार हो र आफूले रोजेको व्यक्तिसँग विवाह गर्न पाउने अधिकार विभिन्न ऐन नियम तथा कानुनमा उल्लेख गरिएको छ । मानव अधिकारको दृष्टिकोणबाट पनि हरेक व्यक्तिलाई स्वतन्त्रतापूर्वक आफ्नो जीवनसाथी छान्न पाउने हक सुनिश्चित हुनु पर्दछ । विवाह गर्नका निम्ति विश्वका अधिकांश मुलुकले उमेरको निश्चित हद तोकेको पाइन्छ । नेपालको मुलुकी अपराध संहिता ऐन २०७४ को दफा १७३ को उपदफा १ मा विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भनिएको छ भने उपदफा २ मा बीस वर्ष उमेर नपुगी भएको विवाह स्वतः बदर हुने भनिएको छ । साथै सोही दफाको उपदफा ३ मा कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने भनिएको छ । त्यस्तै मुलुकी देवानी संहिता २०७४ को दफा ७० को उपदफा १ को खण्ड घ मा पनि विवाह गर्नको लागि केटा र केटी दुबैको उमेर २० वर्ष पुराभएको हुनुपर्ने भनी उल्लेख गरेको छ । यसै ऐनको दफा ६७ मा उल्लेख भएअनुसार यदि पुरुष तथा महिलाले एक अर्कालाई कुनै पनि अवसर, समारोह वा कुनै औपचारिक कार्यमा पति तथा पत्नीको रुपमा स्वीकार गरे उनीहरुबीच विवाह भएको मानिन्छ । विभिन्न दस्तावेजहरुमा बीस वर्ष पूरा नभई गरिने विवाहलाई बालविवाह भनी व्याख्या गरिएको पाइन्छ तर बालविवाह, उमेर नपुगी गरिने विवाह र जबर्जस्ती गरिने विवाहबारे बुझ्नु आवश्यक छ । सामान्यतया "बालक र बालिका दुबैका लागि १८ वर्ष अगावै हुने विवाहलाई बालविवाह भनी परिभाषित गरिएको छ । यसले औपचारिक तथा अनौपचारिक रुपमा गरिने सबै विवाहलाई समेट्दछ, जहाँ १८ वर्ष मुनिका बालबालिका विवाहित जोडी झैं सँगै बस्ने गर्दछन् ।"[1] त्यस्तै २० वर्ष उमेर पूरा नभइकन गरिने सबै विवाहलाई उमेर नपुगी हुने विवाहका रुपमा बुझ्नु पर्दछ । मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १७१ को उपदफा १ मा विवाह गर्ने व्यक्तिहरुको मञ्जुरी विना कसैले कसैलाई विवाह गर्न वा गराउन हुँदैन भनी उल्लेख गरिएको छ । यस दफाले जबर्जस्ती गरिने विवाहबारे स्पष्ट गरेको छ । साथै सोही दफाको स्पष्टीकरणमा विवाह गर्न पूरा हुनु पर्ने उमेर पूरा नभएका व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन भनी उल्लेख गरिएको छ ।

बालविवाह तथा उमेर नपुगी गरिने विवाह लैङ्गिक हिंसाको एक स्वरुप हो । नेपाली समाजमा बालविवाहको अवस्था जटिल रहेको विभिन्न अध्ययन तथा तथ्याङ्कहरुबाट देखिएको छ । दक्षिण एसियामा बालविवाहको अवस्था हेर्दा बंगलादेश र भारतपछि नेपाल तेश्रो स्थानमा पर्दछ । पितृसत्तात्मक सोच तथा पुरातनवादी मूल्य र मान्यताबाट जकडिएको हाम्रो जस्तो समाजमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा समानता छैन । महिलामाथि विभेद र हिंसा व्याप्त छ । बालकको तुलनामा बालिकाको विवाह चाँडै हुने गरेको तथ्याङ्क छ । यसो हुनुमा महिलाको तुलनामा पुरुषको



प्रदेश सचिव

उमेर बढि हुनुपर्ने सामाजिक मान्यता, लैङ्गिक विभेद, अशिक्षा, गरिबी जस्ता कारणहरु प्रमुख रुपमा देखिएका छन् । जसको असर बालिका तथा किशोरीको प्रजनन् स्वास्थ्य, विवाहका नाममा बालिका तथा किशोरीमाथि हुने हिंसा, शिक्षा, रोजगारी तथा उनीबाट जन्मिएको बालबालिकाको स्वास्थ्य तथा पोषण र देशको समग्र विकासमा समेत परेको छ ।

[1] https://www.unicef.org/rosa/what-we-do/child-protection/child-marriage

बालविवाहको यस अवस्थालाई मध्यनजर राख्दै नेपाल सरकारले सन् २०३० सम्म नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्यका साथ बालविवाह अन्त्य गर्ने राष्ट्रिय रणनीति, २०७२ कार्यान्वयनमा ल्याएको छ । यसका अलावा संवैधानिक, कानूनी, नीतिगत तथा विभिन्न संरचनागत व्यवस्था समेत गरेको छ । यी महत्वपूर्ण पहलहरु हुँदाहुँदै पनि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयनको अभाव तथा पितृसत्तात्मक सोच तथा मूल्य मान्यता र यसले मलजल गरेका धार्मिक, साँस्कृतिक परम्परा र महिलालाई हेर्ने सामाजिक सोचमा परिवर्तन आउन नसक्दा समाजबाट लैङ्गिक हिंसा, विभेद तथा बालविवाहको अवस्थामा सोचे अनुरुप सुधार हुनसकेको छैन । बालविवाहलाई एउटा छुट्टै समस्याको रुपमा नहेरी बालविवाहसँग गाँसिएर आउने अन्य समस्यालाई पनि एकीकृत रुपमा सम्बोधन गर्दै जानु पर्ने देखिएको छ ।

आगामी दिनमा बालविवाह अन्त्यको लागि सरोकारवाला, सरकारी तथा विकासका साझेदार निकाय, स्थानीय सरकार लगायत सम्वद्ध सबै पक्ष बीचको समन्वय र सहकार्यलाई मजबुत बनाउँदै बालविवाहसँग गाँसिएर आउने अन्य मुद्दाहरुलाई समेत एकीकृत रुपमा अघि बढाई सन् २०३० सम्ममा बालविवाह अन्त्य गर्ने लक्ष्यलाई व्यवहारमै कार्यान्वयनमा ल्याउनका लागि बालविवाह उच्च भएको मधेश प्रदेशमा बालविवाह अन्त्यका लागि प्रादेशिक रणनीतिक योजना निर्माण गर्न अपरिहार्य देखिएको छ ।

## २. मधेश प्रदेशमा बालबालिकाको अवस्था

| क.सं. | सूचक | स्थिति | कैफियत |
|---|---|---|---|
| १. | १८ वर्ष मुनिका बालबालिकाको सङ्ख्या | १,५३,८०९ | |
| २. | औसत आयू | ७०.४ वर्ष | |
| ३. | प्रतिव्यक्ति आय | ७९९ डलर | |
| ४. | मानव विकास सूचकांक | ०.४२१ | |
| ५. | साक्षरता | ४०.९% | |
| ६. | जन्मदर्ता दर | ४५% | |
| ७. | बालमृत्यूदर | ९/४३ जना | प्रतिहजार जीवित जन्म |
| ८. | नवजात शिशु मृत्युदर | ३० जना | प्रतिहजार जीवित जन्म |
| ९. | पूर्ण खोप प्राप्त बालबालिका | ६५% | |
| १०. | स्वास्थ्य संस्थामा प्रसूति हुने सङ्ख्या | ४५% | |
| ११. | कुपोषणग्रस्त बालबालिका | ३७% | |



प्रदेश सचिव

मधेश प्रदेश सरकार
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

| | | | |
|---|---|---|---|
| १२. | विद्यालय भर्नादर | ६०.६% | छात्रा |
| १३. | विद्यालय भर्नादर | ५३.३% | छात्र |
| १४. | आधारभूत शिक्षाको पहुँचबाहिर रहेका बालबालिका सङ्ख्या | १४.२% | |
| १५. | आधारभूत तहको खुद भर्नादर | ९५% | १-५ कक्षा |
| १६. | आधारभूत तहको खुद भर्नादर | ६२.८% | ६-८ कक्षा |
| १७. | औसतमा विवाह गर्ने उमेर किशोर | २१ वर्ष | |
| १८. | औसतमा विवाह गर्ने उमेर किशोरी | १६ वर्ष | |
| १९. | पहिलो बच्चा जन्माउने किशोरी (१५-१९ उमेर समूह) सङ्ख्या | २७% | |

वि.सं. २०७२ असोज ३ गते जारी नेपालको संविधानले मुलुकमा सातवटा प्रदेशको ढाँचा प्रस्तुत गरेको छ । सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा सहितको आठ जिल्ला समाहित भू-भागलाई मधेश प्रदेश भनिएको छ । मधेश प्रदेशको कूल क्षेत्रफल ९ हजार ६ सय ६१ वर्ग किलोमिटर र जनसङ्ख्या ५४,०४,१४५ छ । जसमध्ये २७,१७,९३८ जना पुरुष र २६,८६,२०७ जना महिला रहेका छन् ।

मधेश प्रदेशका बालबालिका सम्बन्धी केही समष्टीगत सूचक र बालबालिकाको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ ।

*श्रोतः मधेश प्रदेशको पहिलो योजना आधारपत्र (मस्यौदा), २०७६, नीति आयोग । राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग । स्वास्थ्य तथा शिक्षा महाशाखा, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. २, २०७६ ।*

मधेश प्रदेशका जिल्लाहरुमा बालविवाहको अवस्था उल्लेख्य सङ्ख्यामा रहेको देखिन्छ । राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्क अनुसार प्रदेश भित्रका ८ वटै जिल्लामा देखिएको बालविवाहको अवस्थालाई देहायअनुसार उल्लेख गरिएको छ ।

| क.सं. | जिल्लाको नाम | जम्मा विवाहित सङ्ख्या | १० वर्षभन्दा कमको सङ्ख्या | १० देखि १४ वर्षसम्मको सङ्ख्या | १५ देखि १९ वर्षसम्मको सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पर्सा | ३,०४,९२९ | १,९७५ | ४०,११६ | १,७०,५७१ |
| २ | बारा | ३,४६,०७७ | ३,६५२ | ५०,२७२ | १,९९,७१६ |
| ३ | रौतहट | ३,४५,४९० | २,८१३ | ४५,८३२ | २,०४,१२१ |
| ४ | सर्लाही | ३,८२,९५८ | १,७१० | ३५,६२९ | २,२४,५५८ |
| ५ | महोत्तरी | ३,१२,५०८ | १,७८२ | ३९,५२० | १,६८,३३९ |
| ६ | धनुषा | ३,८५,०८८ | ३,८९६ | ५५,४८४ | २,१३,२३४ |
| ७ | सिरहा | ३,२३,१८८ | ३,६९१ | ४२,१७० | १,८०,००७ |
| ८ | सप्तरी | ३,३२,२९२ | ६,०५० | ४५,६३४ | १,७८,७९५ |
| | **जम्मा** | **२७,३२,५३०** | **५०,५६९** | **३,५४,६५७** | **१५,३९,३४१** |


*स्रोत : राष्ट्रिय जनगणना, २०६८*




प्रदेश सचिव

नेपाल प्रहरीमा परेको उजुरीका आधारमा प्रदेश नं. २ का ८ वटै जिल्लाको अघिल्ला २ आवको तथ्यांकलाई हेर्दा आव २०७४/७५ मा बालविवाह सम्बन्धी जम्मा ९ वटा र घरेलु हिंसासम्बन्धी ३६८५ वटा तथा आव २०७५/७६ मा बालविवाह सम्बन्धी २० वटा र घरेलु हिंसासम्बन्धी ४६७१ वटा उजुरी परेको देखिन्छ। घरेलु हिंसासम्बन्धी धैरै मुद्दाहरु बालविवाहसँग सम्बन्धित रहेको पाइन्छ।

नेपाल जनसाङ्खिक स्वास्थ्य सर्भेक्षण (NDHS), २०१६ को तथ्याङ्क




शिक्षा तथा लिङ्गको आधारमा (२० वर्ष मुनि) विवाह भएका पुरुष र महिलाको अवस्था






प्रदेश सचिव

माथिको पहिलो तालिकामा गरिएको विश्लेषणले मधेश प्रदेशमा बालविवाह तथा उमेर पूरा नभई गरिने विवाहको अवस्था भयावह रहेको देखिन्छ भने दोस्रो तालिकाले अशिक्षित परिवारमा बालविवाहको बढि भएको अवस्थालाई पुष्टि गर्दछ ।

**उमेरगत रुपमा बाल विवाह र उमेर नपुगी हुने विवाह सम्बन्धी तुलनात्मक अवस्था**

| उमेर समूह | मधेश प्रदेश | | | नेपाल | | |
|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १५ वर्ष अगावै विवाह गर्नेको प्रतिशत | २.१ | १४.२ | ८.९ | १.५ | ७.९ | ५.२ |
| १८ वर्ष अगावै विवाह गर्नेको प्रतिशत | ७.८ | ४६.० | २९.३ | ९.० | ३२.८ | २२.७ |
| १५ देखि १९ वर्ष समूहमा विवाह गर्ने प्रतिशत | ४.४ | २४.९ | १५.२ | ५.३ | १९.३ | १२.८ |

स्रोत : Multiple Indicator Cluster Survey २०१९

माथिको तालिकाले उमेरगत रुपमा हुने बालविवाह र उमेर नपुगी हुने विवाहका सम्बन्धमा तुलनात्मक तथ्याङ्क प्रस्तुत् गरेको छ । जहाँ सबैभन्दा बढी १८ वर्ष अगावै हुने बालविवाहकोसङ्ख्या अत्यधिक रहेको छ । बालविवाह हुनेहरुमा बालकको तुलनामा बालिकाहरुको प्रतिशत छ गुणा बढी रहेको छ ।

मधेश प्रदेशमा बालविवाह हुनुका कारणहरुलाई विश्लेषण गर्दा समाजमा गहिरोसँग जरा गाडेर बेसका मुख्य सामाजिक व्यवहारहरु निम्नानुसार रहेको पाइन्छ ।

- छोरीको चाँडै विवाह गरी अभिभावक जिम्बेवारीबाट मुक्त हुन चाहनु,
- केटीको ढिलो विवाह गरियो भने धेरै दहेज दिनु पर्ने,
- ढिलो गर्दा सुयोग्य दुलाहा वा दुलही पाउन कठिन हुने,
- विशेष गरेर छोरीको उमेर बढ्दै गर्दा विवाह गरिदिन अभिभावकलाई सामाजिक दवाव आउने,
- छोरा वा छोरीको विवाहमा ढिलो गर्दा फरक जाति वा समुदायमा आफै भागी विवाह गर्न सक्ने र त्यस्ता विवाहका कारण परिवारको इज्जत जाने डर,
- छोरामा लगाएको लगानी फिर्ता हुने तर छोरीमा लगाएको लगानी फिर्ता नहुने धारणा,
- सामाजिक असुरक्षा (बालिकाहरु बलत्कारमा पर्ने गरेको, विभिन्न हिंसा हुने गरेको),
- धार्मिक तथा सांस्कृतिक परम्परा (सानैमा विवाह गरिदिएका धर्म कमाउने, घरका बुढापाकाले नातिनतिनाको मुख हेरेर मर्ने रहर, सानै उमेरमा गरिएको विवाह सहर्ष स्वीकार्ने चलन), आदि ।

## ३. विद्यमान नीतिगत तथा कानुनी आधारहरु

नेपालको संविधान, २०७२ को धारा ३९ को उपधारा ५ ले कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक बनाउन नपाइने गरी बालबालिकाको मौलिक हकको रुपमा स्थापित गरेको छ । यसैगरी उपधारा १० ले यी कार्यलाई संघीय कानून बमोजिम दण्डनीय बनाउँदै पीडित व्यक्तिलाई पीडकबाट क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरेको छ ।



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) को खण्ड (ण) मा बालबालिकाको विवाह तय गर्ने वा बालबालिकासँग विवाह गर्ने वा गराउने कार्यलाई बालबालिका विरुद्धको हिंसा मानेको छ र सो कार्य गरेमा सोही ऐनको दफा ७२ को उपदफा ३ को खण्ड (ख) बमोजिम पचहत्तर हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद सजाय हुने व्यवस्था गरेको छ ।

२०७५ भदौ १ देखि जारी भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७३ मा विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था गरी सो को विपरित भएको विवाह स्वतः बदर हुनेछ भन्ने व्यवस्था गरिएको छ । साथै उक्त ऐनको उपदफा (३) मा उक्त कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

स्थानीय सरकार सञ्चालनका लागि सरकारले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ (२) (ग) ३२, मा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ।

बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ ले बालविवाहलाई बालबालिकाको हक अधिकारको व्यवहारिक कार्यान्वयनका लागि बाधकका रुपमा पहिचान गरेको छ । यसले बालविवाह रोक्न विकासका साझेदार निकाय र सरकारको सहकार्यमा समुदायस्तरमा संघसंस्थालाई परिचालन गर्ने, उजुरी दर्तामा सक्रियता देखाउने कारवाहीको व्यवस्था मिलाउने तथा विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरेको छ ।

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२ ले सन् २०३० सम्ममा नेपालमा बालविवाह अन्त्य गर्ने लक्ष्य राखेको छ ।

पन्ध्रौं योजना (आव २०७६/७७-२०८०/८१) मा बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुलाई संरक्षण गर्ने लक्ष लिएको छ । जसका लागि बालबालिका र किशोरकिशोरी उपर हुने शारीरिक र मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्देश्य लिई विभिन्न रणनीतिहरु समेत तय गरिएको छ ।

बालविवाहलाई दिगो विकासका लक्ष्यहरुको कार्यसूची (२०१६-२०३०) मा यसको अन्त्यका निम्ति प्राथमिकताका साथ समावेश गरिएको छ । सन् २०१३ मा बालविवाह तथा जबर्जस्ती हुने विवाहसम्वन्धी संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिको सङ्कल्प प्रस्तावलाई नेपालले सहप्रायोजन गरी यसका विरुद्ध आफ्नो प्रतिवद्धता जनाएको थियो । सन् २०१४ को जुलाई २२ मा बेलायतमा सम्पन्न बालविवाह, कम उमेरमा गरिने विवाह, कम उमेरमा हुने विवाह र जवरजस्ती हुने विवाह तथा महिलाको योनिच्छेदन विरुद्धको उच्चस्तरीय शिखर सम्मेलनमा नेपालले सन् २०२० सम्ममा बालविवाहको अन्त्य गर्न प्रयास गर्ने प्रतिवद्धता जाहेर गरेको थियो । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को धारा १६ (१) मा विवाह गर्ने विषयमा महिला र पुरुषको समान अधिकार हुने, स्वतन्त्रता पूर्वक जीवन साथी छान्न पाउने तथा उनीहरुको स्वतन्त्र र पूर्ण सहमतिमा मात्र वैवाहिक सम्बन्ध स्थापित गर्ने अधिकार सुनिश्चित गरेको छ । महासन्धिको धारा १६ (२) मा बालबालिकाको विवाह कानूनी प्रभावशून्य हुने व्यवस्था गरेको छ ।



प्रदेश सचिव

यसैगरी बालअधिकार सम्बन्धी महासन्धि १९८९ ले समेत बालबालिकाको हक अधिकार सुनिश्चित गरेको छ । सन् २०१६ को मार्च १६ मा बसेको मानवअधिकार परिषद्को ३१ औं बैठकको कार्यदलको प्रतिवेदनमा लैङ्गिक असमानता उन्मूलन गर्न प्रयासहरू बढाउने र बालविवाह अन्त्य गर्न राष्ट्रिय रणनीतिको कार्यान्वयन गर्ने तथा बालविवाह, बलपूर्वक विवाह र ओसारपसारको निवारण सहित बालबालिका माथिको हिंसा नियन्त्रणका लागि प्रयासहरू सुदृढ गर्ने र यसका लागि मुख्यतः परिवारहरूको माझमा सचेतना बढाउने कार्यक्रमहरू लैजाने उल्लेख गरिएको छ ।

मधेश प्रदेश सरकारले आव २०७६/७७ का लागि घोषणा गरेको आफ्नो नीति तथा कार्यक्रममा बालिकाको विशेष संरक्षणको लागि बालिका संरक्षण सम्बन्धी कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइने तथा प्रदेशमा दिनानुदिन बढ्दै गइरहेको महिला तथा बालिका विरुद्धका हिंसा न्युनीकरण गर्न महिला हिंसा न्युनीकरण, अनुगमन कार्यदल गठन गरी दाइजो, बालविवाह, अनमेल विवाह, बोक्सी, छुवाछुत जस्ता सामाजिक कुरीतिलाई पूर्णत बन्देज गर्नका लागि आवश्यक कानुनी प्रबन्ध गर्दै सोको अनुगमनका लागि संयन्त्र निर्माण गरिने उल्लेख छ । साथै प्रदेश सरकारले “बेटी पढाऔं, बेटी बचाऔं” अभियान अघि बढाएको छ ।

## ४. बालबालिका सम्बन्धी संरचनागत व्यवस्था

मुलुकको हालको संघीय संरचनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र महिला तथा बालबालिका विभागले बालबालिकाको विषय सम्बोधन गर्ने काम गर्दछ भने विषयगत रुपमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मानव स्रोत विकास केन्द्रले पूर्व बाल विकासदेखि कक्षा १२ सम्म बालबालिकाका लागि शिक्षा, विज्ञान र प्रविधि सम्बन्धी कार्यहरु गर्दछ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र स्वास्थ्य सेवा विभागले बाल स्वास्थ्य र पोषण लगायत बालबालिकाको स्वास्थ्य सम्बन्धी विषय सम्बोधन गर्दछ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र श्रम विभागले बालश्रमको विरुद्धमा कार्य गर्दछन् । यसैगरी गृह मन्त्रालयले विपद्मा बालबालिकाको विषय र नेपाल प्रहरी अन्तर्गत महिला तथा बालबालिका सेवा निर्देशनालय, महिला तथा बालबालिका सेवा केन्द्र रहेका छन् । निर्देशनालय र केन्द्रहरुबाट बालबालिका सम्बन्धी विषय सम्बोधन गरिन्छ । राष्ट्रिय योजना आयोगमा बालबालिकाको विषय समेत हेर्ने एकजना सदस्य र बालबालिका शाखा रहेको छ ।

त्यसैगरी प्रदेशमा सामाजिक विकास मन्त्रालयले बालबालिकाको विषय हेर्ने व्यवस्था रहेको छ भने मधेश प्रदेशको हकमा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले बालबालिकाको विषय हेर्ने व्यवस्था रहेको छ । प्रदेशभित्रका १३६ वटै पालिकाहरुबाट बालबालिका सम्बन्धी कार्यहरु हुने गरेको छ । पालिका र कतिपय वडास्तरमा स्वास्थ्य संस्थाहरु सञ्चालनमा रहेका छन् । बालबालिकालाई समेत स्वास्थ्य सेवा प्रवाह गर्नका लागि प्रदेशमा २ वटा शिक्षण अस्पताल, प्रदेश, जिल्ला तथा स्थानीय स्तरमा गरी १३ वटा अस्पताल, ८ वटा जिल्ला आयूर्वेद केन्द्र, ३३ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ७४४ वटा स्वास्थ्य चौकी, ६५ वटा सामुदायिक स्वास्थ्य एकाई र कुल ७८९ वटा स्वास्थ्य सेवा केन्द्र रहेका छन् । बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत किशोर किशोरी पोषण कार्यक्रमलाई विशेष जोड दिई विभिन्न कार्यक्रमहरु सञ्चालनमा छन् । बालसंरक्षण कार्यका लागि



प्रदेश सचिव

स्थानीय न्यायिक समिति, मेलमिलाप केन्द्रहरु, बालअधिकार समिति, जिल्ला बाल न्याय समन्वय समिति, जिल्ला समन्वय समिति, नेपाल प्रहरी अन्तर्गतको महिला तथा बालबालिका सेवा केन्द्र लगायतका संरचनाहरु रहेका छन् ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा केन्द्रमा राष्ट्रिय बालअधिकार परिषद्को प्रावधान गरिएको छ भने प्रदेशमा बालअधिकार समिति र पालिकास्तरमा स्थानीय बालअधिकार समितिको व्यवस्था गरेको छ । यसै गरी प्रदेश बालअधिकार ऐन २०७७ अनुसार जिल्ला तहमा जिल्ला समन्वय समितिको प्रमुखको अध्यक्षतामा जिल्ला बालअधिकार समिति रहने व्यवस्था समेत गरेको छ । यस व्यवस्थाबाट विषयगत मन्त्रालय र संस्थागत व्यवस्थाको अतिरिक्त केन्द्रदेखि पालिकास्तरसम्म बालअधिकार र संरक्षण सम्बन्धी विषयहरुको समन्वय, सहकार्य, सहजीकरण, सहयोग एवम् अनुगमनको व्यवस्था भएको छ ।

राष्ट्रिय बालअधिकार परिषद् र नेपाल प्रहरीको संयुक्त संलग्नतामा काठमाडौंको भृकुटी मण्डपमा बालबालिका खोजतलास समन्वय केन्द्र (निःशुल्क टेलिफोन नं. १०४) सञ्चालनमा रहेको छ भने केन्द्रीय बाल कल्याण समितिले गैर सरकारी संस्थाहरुमार्फत् १२ वटा जिल्लाहरुमा बाल हेल्पलाइन (निःशुल्क टेलिफोन नं. १०९८) सञ्चालन गरिरहेको छ । हाल मधेश प्रदेशमा मात्र २ वटा बाल हेल्पलाइन सञ्चालनमा आएको छ ।

बालन्याय सम्बन्धी विषयका कार्यलाई व्यवस्थित गर्न केन्द्रमा सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा बालन्याय समन्वय समिति र जिल्लाहरुमा जिल्ला न्यायाधीशको अध्यक्षतामा जिल्ला बालन्याय समन्वय समितिहरु कार्यरत रहेका छन् । सबै जिल्ला अदालतमा बाल इजलासको व्यवस्था भएको छ । विविध किसिमका बालबिज्याइँमा परी कानूनी सजाय भोग्नु परेका बालबालिकाका लागि मधेश प्रदेशमा एकमात्र बाल सुधार गृह पर्सा जिल्लामा सञ्चालित छ ।

बालबालिका सम्बन्धी कार्यमा केन्द्रित रही विभिन्न अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु र अन्य गैरसरकारी संस्थाहरुले काम गरिरहेका छन् । यसैगरी बालक्लबहरु, लैङ्गिक हिंसा निगरानी समूह, आमा समूह सक्रिय रहेका छन् । यस अतिरिक्त, बाल संरक्षणमा विशेष जोड दिन पालिका तथा वडा स्तरीय बालअधिकार समितिहरु अझै पनि क्रियाशील रहेका छन् । त्यसैगरी प्रदेश, जिल्ला र स्थानीय तहमा राष्ट्रसंघीय निकायहरु र द्विदेशीय तथा बहुउद्देश्यीय संघसंस्थाहरु बालसंरक्षणको क्षेत्रमा क्रियाशील रहेका छन् । साथै अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था र नागरिक समाज पनि बालअधिकार र बालसंरक्षणको क्षेत्रमा सक्रिय छन् ।

## ५. बालविवाह विरुद्धको रणनीतिक योजनाको औचित्य

१. मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा पनि बालविवाह न्यूनीकरणको कुरालाई समावेस गरिएको तथा बेटी पढाऊ, बेटी बचाऊ अभियानलाई सारभूत रुपमा योगदान गर्नका लागि यस रणनीतिको महत्वपुर्ण योगदान रहने छ ।



प्रदेश सचिव

सामाजिक विकास मन्त्रालय
मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

२. बालविवाह दण्डनीय अपराध भएता पनि यस प्रदेशमा बालविवाहलाई सामान्य रुपमा लिएकोले यो कुप्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन । यस विरुद्ध संवैधानिक र कानुनी प्रावधानहरुको कार्यान्वयन गर्नु अपरिहार्य भएको छ ।

३. नेपालले राष्ट्रिय तथा अन्तराष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पूरा गर्नका लागि बालविवाहको अन्त्य गर्नुपर्ने दायित्व रहेको छ ।

४. बालविवाहलाई सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा सरकारका विभिन्न मन्त्रालय, विभाग, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयम् बालबालिकाको अर्थपूर्ण एवम् सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरु बीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रीत गर्नुपर्ने आवश्यकता छ ।

५. बालविवाह अन्त्य गर्ने र बालविवाहको कारणबाट विभिन्न जोखिम र हिंसामा परेका विवाहित र अविवाहित बालबालिका र किशोरकिशोरीलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै प्रदेश र स्थानीय तहको विकासमा उनीहरुको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

६. बालविवाहका कारणले महिला तथा किशोरी माथि हुने हिंसा बढि देखिएको परिप्रेक्ष्यमा यस्ता हिंसालाई निरुत्साहित गर्नका लागि पनि यस रणनीतिले सहयोग पुऱ्याउने देखिएको छ ।

७. बालविवाह तथा कम उमेरमा गरिने विवाहको असर बालिका तथा किशोरीको प्रजनन् स्वास्थ्य, विवाहका नाममा बालिका तथा किशोरीमाथि हुने हिंसा, शिक्षा, रोजगारी तथा उनीहरुबाट जन्मिएको बालबालिकाको स्वास्थ्य तथा पोषण र देशको समग्र विकासमा समेत परेको छ ।

## ६. प्रदेशिक रणनीतिक योजनाका सिद्धान्तहरु :

६.१ **बालबालिकाको सर्वोत्तम हित** : बालबालिकाको विषयमा कुनै पनि निर्णय गर्दा उनीहरुको सर्वोत्तम हित सुनिश्चित हुने गरी गर्नुपर्छ ।

६.२ **बाल बचाऊ र विकास :** प्रत्येक बालबालिकालाई सबल र उपयुक्त वातावरण हुर्किई उच्चतम स्तरको जीवन यापन गर्न पाउने अधिकार हुनु पर्दछ ।

६.३ **बाल संरक्षण :** बालविवाह, बेचविखन तथा ओसारपसार, बाँधा बनाउने, अन्य हानिकारक अभ्यास लगायत सबै प्रकारका दुर्व्यवहार, हिंसा तथा शोषणबाट बालबालिका संरक्षित हुनु पर्दछ ।



प्रदेश सचिव

६.४ **सबै बालबालिकाको सम्मान र सामाजिक न्याय** : प्रदेशमा सबै जात, धर्म, वर्ण, लिङ्ग, उमेर, क्षेत्र, सम्प्रदायका बालबालिका प्रति सम्मान राखी कार्य गर्नुका साथै सामाजिक न्याय सुनिश्चितता हुनु पर्दछ ।

६.५ **बालबालिकाको अर्थपूर्ण सहभागिता** : बालबालिकासँग सम्बन्धित विषयमा निर्णय लिँदा उनीहरुको हक अधिकार सम्बन्धी योजना, नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा बालबालिकाको बढ्दो उमेर र परिपक्वताको सापेक्षतामा उनीहरको सहभागिता सुनिश्चित गर्नु पर्दछ ।

६.६ **समता र समावेशीकरण** : समतामुलक एवम् समावेशीकरणको सोच, पद्धति, दृष्टिकोण र व्यवहारबाट आर्थिक र सामाजिक रुपमा पछाडि पारिएका परिवारका, जोखिम अवस्थमा रहेका, न्यूनतम सुविधाहरु तथा आधारभूत अधिकारबाट बञ्चित भएका, बालविवाह, भेदभाव, दुर्व्यवहार, शोषण तथा हिंसाबाट पीडित वा त्यस्तो जोखिममा रहेका बालबालिका हक अधिकार सुनिश्चित गर्ने र उनीहरुलाई अधिकतम अवसर उपलब्ध गराउन प्रदेश सरकार क्रियाशील हुनेछ ।

६.७ **बालबालिकाको हक अधिकारको लागि साझा जिम्मेबारी बहन र उत्तरदायित्व** : बालबालिकाको हक अधिकारको प्रवर्द्धन गर्नु सबै वयस्क व्यक्ति तथा व्यवसायिक र सरकारी निकाय, संघसंस्था तथा नीजि क्षेत्रको साझा जिम्मेबारी र उत्तरदायित्व हो । यसको लागि प्रदेशले **"बालबालिकाको लागि मिलेर काम गरौं"** भन्ने अभियानलाई अगाडि बढाउनेछ ।

६.८ **बालमैत्री वातावरणको प्रवर्द्धन** : परिवार, विद्यालय, सरकारी कार्यालय, संघसंस्था, सार्वजनिक स्थल, विकासका संरचनाहरु, सञ्चारका माध्यमहरु लगायत सबै क्षेत्रहरुमा भिन्न उमेर, लिङ्ग, अपाङ्गता भएका बालबालिकालाई मैत्रीपूर्ण हुने वातावरण सृजना गर्नको लागि प्रदेश सरकारले निरन्तर पैरवी गर्नेछ ।

## ७. रणनीतिक योजना तर्जुमा गर्दा अपनाइएका विधि र प्रक्रिया

मधेश प्रदेशको महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले बालविवाह अन्त्य गर्ने उद्देश्यका साथ सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरुको सहभागितामा यो रणनीतिक योजना तयार गरिएको हो । बालविवाह अन्त्यका लागि प्रादेशिक रणनीति योजना, २०७६ तर्जुमा गर्दा नेपालको संविधान, मुलुकी देवानी संहिता २०७४ तथा मुलुकी अपराध संहिता २०७४, स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालबालिका सम्बन्धी ऐन २०७५, प्रदेश सरकार (कार्य विभाजन नियमावली) २०७४, पन्धौं योजनाको आधारपत्र (२०७६/७७–२०८०/८१), बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, दीगो विकास लक्ष्य (सन् २०१६–२०३०), बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति २०७२, राष्ट्रिय जनगणना २०६८, सरकारको प्रतिबद्धता लगायतका दस्तावेजहरुलाई आधारको रुपमा लिइएको छ ।

रणनीतिक योजना निर्माण प्रक्रियामा बालबालिकासँग सम्बन्धित प्रदेशका सरोकारवालाहरूको प्रतिनिधिमुलक सहभागितालाई सुनिश्चित गरिएको छ । साथै सम्बन्धित मन्त्रालयहरु, महाशाखाहरु, प्रदेश तहका विभिन्न सरकारी निकायहरुसँग चरणवद्ध परामर्शगरी ती निकायहरुको सुझावहरुलाई



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

यस रणनीतिक योजनामा आवश्यक रुपमा समावेश गरिएको छ। रणनीति योजना तयार गर्ने क्रममा प्रदेश, जिल्ला तथा स्थानीय तहमा प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा पदाधिकारीहरु, प्रदेश सभाअन्तर्गतको महिला, बालबालिका तथा सामाजिक समिति सभापतिसहित माननीय सदस्यहरु, प्रमुख सचिव, कानुन सचिव, मुख्य न्यायधिवक्ता, नीति आयोगका पदाधिकारीहरु, प्रदेशस्तरीय सरकारी निकायहरु, निजी तथा सामुदायिक क्षेत्रका प्रतिनिधिहरु, विषयविज्ञ, प्रदेश सरकारका पदाधिकारीहरु, बालबालिकासँग सरोकार राख्ने संघसंस्थाहरु, विकास साझेदार र प्रवुद्ध व्यक्तित्व लगायतसँग छलफल एवम् अन्तर्क्रिया गरी प्राप्त राय सुझावहरुलाई समावेश गरी अन्तिम रुप दिइएको छ । आठवटै जिल्लाको प्रतिनिधित्व सुनिश्चित गरी किशोरकिशोरीसँग गरिएको परामर्शबाट प्राप्त सुझावहरुलाई समेत यो दस्तावेज निर्माण प्रक्रियामा महत्व दिइएको छ ।

योजना तर्जुमाको समयमा विभिन्न प्रतिवेदन, प्रकाशनमार्फत् र परामर्श गोष्ठीको क्रममा भएका छलफलसमेतका आधारमा उपलब्ध भएका सूचना एवम् तथ्याङ्कलाई यस योजनाको आधार रेखा (बेसलाइन) तथ्याङ्क मानिएको छ ।



प्रदेश सचिव

## खण्ड "ख"
## लक्ष्य, उद्देश्य तथा रणनीतिहरु

**८. लक्ष्य**

सन् २०३० सम्ममा मधेश प्रदेशमा बालविवाह अन्त्य गर्ने ।

**९. उद्देश्यहरु**

९.१. बालविवाह अन्त्यका लागि विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन तथा आवश्यकता अनुसार कानूनको निर्माण, संशोधन एवं परिमार्जन गर्ने ।

९.२. बालविवाह विरुद्धका आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

९.३. बालविवाह विरुद्धमा बालबालिका, किशोरकिशोरी तथा पुरुषहरूको प्रभावकारी सहभागिता सुनिश्चत गरी परिचालन गर्ने ।

९.४. बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा हानिकारक सामाजिक व्यवहार परिवर्तनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघसंगठन लगायत अन्य सम्वद्ध सरोकारवालाहरूको क्षमता विकास गरी विद्यमान हानिकारक सामाजिक व्यवहार परिवर्तनका लागि परिचालन गर्ने ।

९.५. बालबालिका विशेषत : बालविवाहको जोखिममा रहेका र विवाहित बालिकाहरूलाई राज्यबाट प्रदान गरिने सेवा, सुविधा तथा अवसरहरूको उपभोगमा समतामूलक पहुँच सुनिश्चित गर्ने ।

९.६. प्रदेश सरकार तथा विकासका साझेदार संस्थाहरूको सहकार्यमा बालविवाह अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

९.७. बालविवाह अन्त्य गर्न प्रदेश विभिन्न मन्त्रालय एवम् निकायहरु सरकारका र स्थानीय सरकार बीच समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाउने ।

९.८. प्रदेश सरकारले घोषणा गरेको 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियानलाई सफल बनाउन सहयोग गर्ने ।

**१०. रणनीतिहरु :**

बालविवाह अन्त्यका लागि देहाय बमोजिमका रणनीतिहरु अबलम्वन गरिनेछन् ।

१०.१. सरोकारवालाहरुको क्षमता अभिवृद्धि

१०.२. सूचना व्यवस्थापन र प्रविधिको प्रयोग



प्रदेश सचिव

१०.३. समन्वय र सहकार्यमा बढवा

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

१०.४. समाजमा व्याप्त हानिकारक मूल्यमान्यता तथा सामाजिक व्यवहार परिवर्तनका लागि परिवार र समाजलाई परिचालन

१०.५. कार्यक्रमको स्थानीयकरण

१०.६. कानून तथा नीतिको प्रभावकारी कार्यान्वयन

१०.७. स्रोत व्यवस्थापन र परिचालन

१०.८. प्राविधिक सहयोगको विस्तार

## ११. रणनीतिक कार्यदिशा

बालविवाह अन्त्यका लागि परिवर्तनको सिद्धान्तमा आधारित देहाय बमोजिमका रणनीतिक उपायहरु अवलम्बन गरिनेछन् :

### ११.१ बालबालिका र किशोर किशोरीको सशक्तिकरण :

११.१.१ औपचारिक, अनौपचारिक, वैकल्पिक, दौँतरी शिक्षा, जीवन उपयोगी सीप, अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरूबारे आमाबुवा र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वःनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने ।

११.१.२ बालिका र किशोरीलाई यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने ।

११.१.३ बालविवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने ।

११.१.४ बालिकामाथि हुने दूर्व्यवहार तथा हिंसा रोक्न बालिकाहरुलाई आत्मरक्षा तालिमको व्यवस्था गर्ने ।

११.१.५ बालविवाह विरुद्ध प्रदेशस्तरमा अभियान सुरु गर्ने ।

### ११.२ बालबालिका र किशोरकिशोरीहरुका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता

११.२.१ विद्यालयमा बालिकाहरूका लागि बालमैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।

११.२.२ विद्यालय बाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।



प्रदेश सचिव

११.२.३ विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालबालिकाहरूको समान तथा अर्थपूर्ण सहभागिता सुनिश्चत गर्ने ।

११.२.४ विद्यालयहरूमा बालमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न साथै लैंगिक हिंशामुक्त विद्यालय निर्माणका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।

११.२.५ विद्यालयमा महिला शिक्षकहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

११.२.६ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यासहरूको विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने ।

११.२.७ छात्रा र शिक्षिका दुवैका लागि विद्यालयको वातावरण एवम् पूर्वाधार सुरक्षित, सफा र लैङ्गिकमैत्री भएको सुनिश्चित गर्ने ।

११.२.८ बालविवाह र लैङ्गिक हिंसाको जोखिममा रहेका बालिकाहरूलाई विद्यालयमा मनोसामाजिक विमर्श तथा अन्य सेवाको सुनिश्चितता गर्ने ।

११.२.९ विवाहित किशोरकिशारीहरूको विद्यालय शिक्षाको निरन्तरताको लागि आवश्यकतानुसार वैकल्पिक अध्ययनको अवसर प्रदान गरी उनीहरूलाई औपचारिक शिक्षामा सम्मिलित गराउने ।

११.२.१० विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, पक्षपातरहित, वृहत् यौनिकता शिक्षा र बालअधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने ।

११.२.११ विद्यालयलाई लैङ्गिकमैत्री बनाउन विद्यालय शिक्षासँग सम्बन्धित निकाय र व्यक्तिको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

११.२.१२ विद्यालयहरुमा बालिकामैत्री शौचालय, महिनावारी स्वच्छताका लागि अनिवार्य सेनेटरी प्याडको व्यवस्था गर्ने ।

११.२.१३ बालविवाह, महिला हिंसा तथा महिला अधिकारलगायतका विषयमा नियमित अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने ।

११.२.१४ स्थानीय तह मातहतका शैक्षिक संस्था, स्वास्थ्य संस्था, महिला अधिकारकर्मी, प्रहरी, प्रशासनका पदाधिकारीहरुका लागि बालविवाह, महिला हिंसा, महिला अधिकार, कानूनी व्यवस्था लगायतका विषयमा नियमित तथा अतिरिक्त कक्षा सञ्चालनको व्यवस्था गर्ने ।

११.२.१५ विद्यालयमा आधारभूत तहसम्म दिवा खाजाको व्यवस्था गर्ने ।



प्रदेश सचिव

११.२.१६ सामुदायिक तथा निजी विद्यालयहरुमा बालविवाह सम्बन्धी गुनासो पेटिका राख्ने व्यवस्था गर्ने । स्थानीय तहबाटै वडा सदस्यको प्रतिनिधित्वमा शिक्षक लगायत अन्य सदस्य राखी त्यसको सुनवाई गर्ने ।

११.२.१७ अतिरिक्त क्रियाकलापको रुपमा बालबालिकालाई बालसंरक्षण विषयमा अभिमुखीकरण गर्ने, घरेलु हिंसा लगायत अन्य विभिन्न कारण हुने आत्महत्या गर्नबाट रोक्न कार्यक्रम सञ्चालन गर्ने, बालविवाह गरी हिंसामा परेका बालिकाहरुलाई राख्न सुरक्षित आवासको व्यवस्था गर्ने, बालविवाह गरी परिवारमा विचलन परेका बालिकाहरुलाई परिवार मिलन एवम् पुनर्स्थापित गराउने ।

## ११.३ बालक, किशोर तथा पुरुषहरूको सहभागिता

११.३.१ बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिवृद्धि गरी बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चित गर्ने ।

११.३.२ बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचका विरुद्ध परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, पण्डित, पुरोहित ज्योतिष, धामीझाँक्री, नागरिक समाज लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

११.३.३ बालविवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्धमा पुरुष तथा किशोरहरूमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।

११.३.४ छोराछोरीको विवाहमा बुवा तथा परिवारका पुरुष सदस्यहरुको भूमिका महत्वपूर्ण एवं निर्णायक हुने भएकोले उनीहरुलाई बालविवाहबाट हुने हानी तथा कानूनी व्यवस्थाबारे जानकारी दिने ।

## ११.४ हानिकारक सामाजिक व्यवहार परिवर्तनका लागि परिवार र समुदायको परिचालन

११.४.१ समुदायमा रहेका अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान सञ्चालन गर्ने ।

११.४.२ असल अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमवाट हानिकारक व्यवहार परिवर्तन गरी बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।

११.४.३ छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक व्यवहार तथा मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा



प्रदेश सचिव

सामाजिक मूल्यको विषयको रुपमा स्वीकार गरी 'बालविवाह मुक्त स्थानीय तह' घोषणाको अभियान सञ्चालन गर्ने ।

११.४.४ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्धन र क्षमतामा अभिवृद्धि गर्ने ।

११.४.५ दाइजो लेनदेन नगर्ने तथा बालविवाह नगर्ने, नगराउने अनुकरणीय व्यक्ति, परिवार र समुदायलाई सामाजिक रूपमा प्रोत्साहन र सम्मान गर्ने ।

११.४.६ विद्यालयहरुमा गठन हुने अभिभावक शिक्षक समिति र आमा समूह गठन गरी उनीहरुलाई बालविवाह, महिला हिंसा, महिला अधिकारसहित यससँग सम्बन्धित विद्यमान हानिकारक सामाजिक व्यवहारहरुका विषयमा नियमित जानकारी दिने ।

११.४.७ बालविवाह गर्ने, गराउने, प्रोत्साहन गर्ने, बालविवाहमा सहभागी हुने तथा दाइजो, तिलक जस्ता प्रचलित हानिकारक प्रथालाई सामाजिक मर्यादा विपरीतको कार्यको रुपमा निरुत्साहन गर्न सामुदायिक जवाफदेहिताको सुनिश्चित गर्ने ।

११.४.८ बालविवाह विरुद्ध सामाजिक व्यवहार परिवर्तनका लागि राजनीतिक दलहरुको प्रतिवद्धतामा वृद्धि गर्ने र उनीहरुबाट बालविवाह विरुद्धका गतिविधिहरु सञ्चालन गर्ने ।

### ११.५. प्रभावकारी र सेवाग्राही मैत्री सेवा प्रवाह

११.५.१ किशोरकिशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी तथा रोकथाम र उपचारसम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।

११.५.२ बालविवाह, मानव बेचविखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।

११.५.३ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने ।

११.५.४ पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्ने ।

११.५.५ बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिका तथा किशोरीको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका स्थानीय न्यायिक समिति, बालअधिकार समिति, मेलमिलाप केन्द्र, लैङ्गिक सशक्तिकरण तथा हिंसा निवारण समन्वय समितिहरु, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।



प्रदेश सचिव

११.५.६ स्थानीयस्तरमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका क्रियापलापहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।

११.५.७ पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।

११.५.८ विवाह भैसकेका बालिका तथा सानै उमेरमा पति गुमाएकाहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू सङ्कलन गरी सफल अभ्यासहरूको प्रवर्धन तथा विस्तार गर्ने ।

११.५.९ वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालबालिका तथा किशोरकिशोरीहरूको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानूनी सेवा, मनोसामाजिक विमर्श, शिक्षा, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

११.५.१० बालविवाह गर्न भारतमा अवस्थित मठ मन्दिर तथा होटल धर्मशाला आदिमा जाने उपक्रमलाई रोक्न दुबै देशका प्रहरी तथा जनप्रतिनिधि बीच सहकार्यको वातावरण बनाउने । नेपाल र भारततर्फ एकअर्काको सीमा पारगरी गर्ने बालविवाह निरुत्साहित गर्न सीमासँग जोडिएका द्विदेशीय अधिकारी बीच समन्वय र सहकार्य गर्ने ।

११.५.११ धार्मिक स्थलहरुमा विवाह गर्ने वरवधुको उमेर खुल्ने प्रमाण अनिवार्य पेश गर्नु पर्ने । उक्त स्थानमा हुन लागेको बालविवाहबारे स्थानीय प्रहरीलाई सूचना गर्ने संयन्त्र निर्माण गर्नु पर्ने ।

११.५.१२ मन्दिर, मस्जिद, गुम्बा तथा गिर्जाघर जस्ता धार्मिकस्थलहरुमा विवाह गर्न गराउन आउने सम्बन्धित पक्षलाई वरबधुको विवाह गर्ने उमेर पुगेको प्रमाण पेश नगरेको अवस्थामा विवाह गर्न गराउन नदिने व्यवस्था गर्ने ।

## ११.६ कानून र नीति निर्माण तथा प्रभावकारी कार्यान्वयन

११.६.१ बालविवाहका विविध पक्षलाई समग्र रुपमा सम्बोधन गर्न प्रादेशिक तथा स्थानीय कानून, नीतिहरुलाई संवैधानिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून, मानव अधिकार कानून अनुरुप पुनरावलोकन गरी समायोजन गर्ने ।

११.६.२ बालविवाह तथा अन्य प्रयोजनका लागि क्रियाशील संवैधानिक आयोगहरु राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोगले अनुगमन गरी प्राप्त गरेका सुझाव तथा



प्रदेश सचिव

पृष्ठपोषणको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने। प्रदेशस्तरमा पनि यस्ता आयोग तथा नियोगहरु गठन गर्न पहल गर्ने।

११.६.३ बालिका र महिलाको सशक्तिकरणको लागि महिला विरुद्धका प्रदेश स्तरमा विद्यमान सबै विभेदकारी कानूनको पहिचान गरी ती कानूनहरुको पुनरावलोकन गर्न पहल गर्ने।

११.६.४ बालविवाह सम्बन्धी कानुन कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने।

११.६.५ अदालत र अन्य न्यायिक/अर्धन्यायिक निकाय र पदाधिकारीहरूलाई बालविवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने।

११.६.६ विवाहको कानूनी उमेर तथा सोको उल्लंघन गरेमा हुने सजाय तथा बालविवाह विरुद्ध उपलब्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने।

११.६.७ कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाइहरु पहिचान गरी सो निर्मूल गर्न आवश्यक पहल गर्ने।

११.६.८ बालविवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूको लागि आवश्यक कानूनी हक र उपचारमा पहुँचका साथै कानुन अनुसार क्षतिपूर्ति सुनिश्चित गर्ने।

## ११.७ सूचना व्यवस्थापन तथा प्रविधिको उपयोग

११.७.१ सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी सबल पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्य सम्बन्धी नकारात्मक असरहरूको बारेमा अभिमत सृजना गर्ने।

११.७.२ बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरू तथा सो सम्बन्धी सन्देशहरुलाई विभिन्न सञ्चार माध्यम, सामाजिक सञ्जालमार्फत प्रकाशन र प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने।

११.७.३ प्रदेश तथा स्थानीय तहमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने तथा बालविवाह विरुद्धको सन्देश सबै सरकारी कार्यालय तथा महत्वपूर्ण सार्वजनिक स्थानहरुमा डिजिटल डिस्प्लेमा राख्ने।

११.७.४ प्रदेश तथा सबै पालिका तहमा बालविवाह सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, अभिलेखीकरण र प्रयोग गर्ने।

११.७.५ बालविवाह लगायत बालसंरक्षण सम्बन्धी सूचना व्यवस्थापन गर्न प्रदेश सामाजिक विकास मन्त्रालयमा जनशक्ति सुनिश्चित गर्ने।



प्रदेश सचिव

११.४.६ सामाजिक सञ्जालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको सहभागिता सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने ।

## ११.८ किशोरकिशोरी तथा महिलाका लागि रोजगारी र उद्यमशीलता प्रवर्द्धन

११.८.१ भविष्यमा जीवनवृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बन्धित सूचना तथा जानकारीमा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।

११.८.२ विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको उद्यमशीलताको विकास गरी आत्मनिर्भर बनाउने तथा पहुँच सुनिश्चित गर्ने । विद्यालयमा भर्ना गरी नियमित विद्यालय जाने वातावरण निर्माण गर्ने ।

११.८.३ राष्ट्रियदेखि स्थानीयतह सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिका विशेष गरी विद्यालय बाहिर रहेका बालबालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने । विवाहित बालिकालाई यौन तथा प्रजनन शिक्षामा सहभागी गर्ने ।

११.८.४ बालबालिकाहरूलाई शिक्षा, आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वःनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।

११.८.५ अविवाहित वा विवाहित (विशेष गरी हिंसा, दुर्व्यवहार र बेचबिखनमा परेका) बालिकालाई जीवनोपयोगी सीप, आय, आर्जनसम्बन्धी ज्ञानसीप र निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।

११.८.६ बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने ।

११.८.७ रोजगारमूलक तालिम प्राप्त किशोरी तथा महिलाहरुलाई सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उद्यम, व्यवसाय सञ्चालन गर्न अभिप्रेरित तथा सहयोग गर्ने ।

११.८.८ किशोरी तथा महिलाहरुले सञ्चालन गरेको उद्योग व्यवसाय वा सेवाको बजारसम्मको पहुँच र खपतलाई प्रोत्साहन गर्ने ।

## ११.९ जिल्ला तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य

११.९.१ बालविवाहसँग सम्बन्धित सूचना, अनुगमन तथा क्षमता अभिवृद्धिमा सहकार्य गर्ने ।

११.९.२ स्थानीय पालिकास्तरमा नतिजामुखी योजना तर्जुमामा प्राविधिक सहयोग गर्ने ।



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

११.९.३ मधेश प्रदेश सरकारले स्थानीय पालिकाहरुलाई बालविवाहको विषयमा आर्थिक तथा प्राविधिक सहयोग साथै एकीकृत कार्यक्रम निर्माण र कार्यान्वयनका लागि पहल गर्ने ।

११.९.४ बालअधिकारको प्रवर्द्धन गर्दै बालविवाह अन्त्य गर्न स्थानीय पालिका र वडास्तरीय बालअधिकार समितिहरुमा बालबालिका र किशोरकिशोरीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

११.६.५ स्थानीयस्तरमा आवश्यकतानुसार पालिकास्तरीय तथा वडास्तरीय रणनीतिहरु निर्माण गर्ने।

११.९.६ किशोरी तथा महिलाले सञ्चालन गरेका उद्यम, व्यवसायबाट उत्पादित वस्तु एवम् सेवाहरुलाई बजार, सेवाग्राहीसम्म पुऱ्याउने तथा प्रवर्द्धन गर्न सरकारी तथा निजी क्षेत्रले समन्वय गर्ने ।

## १२. तार्किक कार्यढाँचा

यस कार्यढाँचालाई अनुसूचीमा उल्लेख गरिएको छ ।

## १३. अनुगमन, मूल्याङ्कन तथा अभिलेखीकरण

यस रणनीतिक कार्ययोजनाका प्रत्येक रणनीतिक उद्देश्यहरु अन्तर्गतका अपेक्षित नतिजाहरुका आधारमा अनुगमनका सूचकहरु तय गरिएका छन् । यी सूचकहरुले प्रत्येक क्रियाकलाप तथा अपेक्षित नतिजालाई प्राप्तिको स्थिति अनुगमनमा सहयोग पुऱ्याउँदछन् । त्यसैगरी प्रत्येक वर्ष गरिने समग्र अनुगमन कार्यको नतिजाको आधारमा यस रणनीतिक योजनाका क्रियाकलापहरुलाई परिमार्जित गरिनेछ । साथै यस रणनीतिक योजनामा नै बालबालिकाको समग्र स्थिति तथा बालविवाहको अवस्थाबारे अनुगमन गर्न सम्बन्धित सबै सरोकारवालाहरुको प्रतिनिधित्व हुनेगरी देहायअनुसारको संयन्त्र निर्माण गरिनेछ ।

क) प्रदेश निर्देशक समिति
ख) प्रदेश अनुगमन तथा मूल्याङ्कन समिति
ग) जिल्ला समन्वय, अनुगमन तथा मूल्याङ्कन समिति
घ) स्थानीय कार्यान्वयन, समन्वय तथा अनुगमन समिति
ङ) वडास्तरीय कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति

### (क) प्रदेश निर्देशक समिति देहायअनुसार गठन हुनेछ :

बालविवाहको अन्त्य गर्ने प्रादेशिक रणनीतिक योजना कार्यान्वयनमा महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । जसको लागि निम्नानुसार प्रदेश निर्देशक समिति निर्माण गरिने छ ।

१. संयोजक– मन्त्री, बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालय
२. सदस्य – सचिव, बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालय
२. सदस्य – सचिव, गृह, सञ्चार तथा कानून मन्त्रालय
३. सदस्य – सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय



प्रदेश सचिव

४. सदस्य – सदस्य, नीति आयोग (महिला बालबालिका क्षेत्र हेर्ने)
५. सदस्य – मुख्य न्यायधिवक्ता, मुख्य न्यायाधिवक्ताको कार्यालय
६. सदस्य– शिक्षा विषय हेर्ने मन्त्रालय, शिक्षा विषय हेर्ने सम्पर्क व्यक्ति
७. सदस्य सचिव–महाशाखा प्रमुख, बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालय

**प्रदेश निर्देशक समितिको काम कर्तव्य र अधिकारः**

१. प्रदेश निर्देशक समितिका काम, कर्तव्य र अधिकार देहायमोजिम हुनेछ :
क) बालविवाह अन्त्यका लागि जिल्ला तथा स्थानीय समितिलाई आवश्यक राय तथा सुझाव दिने ।
ख) आवश्यक नीति निर्माण गर्ने ।
ग) अन्य सरोकारवालाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने ।
घ) मुख्यमन्त्री "बेटी पढाऊ बेटी बचाऊ" अभियानसँग आवश्यक समन्वय र सहकार्य गर्ने।
२. समितिको बैठक कम्तिमा ४ महिनामा एक पटक बस्नेछ ।
३. समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकिनेछ ।
४. समितिको अन्य कार्य तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(ख) प्रदेश तहको अनुगमन तथा मूल्याङ्कन समिति**

बालविवाह अन्त्य गर्ने रणनीतिक योजनाको कार्यान्वयन, सरोकारवाला सरकारी, विकासका साझेदार, गैरसरकारी संस्था, नागरिक समाजसँगको समन्वय एवं अनुगमन तथा मूल्याङ्कनको लागि देहाय बमोजिमका अनुगमन तथा मूल्याङ्न समिति रहनेछ :

१. संयोजक– प्रदेश सचिव, बालबालिकासम्बन्धी विषय हेर्ने मन्त्रालय
२. सदस्य – प्रमुख, प्रदेश प्रहरी
३. सदस्य – निर्देशक, प्रदेश शिक्षा निर्देशनालय
४. सदस्य – प्रमुख, प्रदेश स्वास्थ्य निर्देशनालय
५. सदस्य – प्रमुख, राष्ट्रिय मानवअधिकार आयोग
६. सदस्य – प्रमुख, प्रशासन तथा योजना महाशाखा
७. सदस्य – अध्यक्ष, प्रदेश गैसस महासंघ
८. सदस्य – अध्यक्ष, प्रदेश पत्रकार महासंघ
९. सदस्य – प्रदेश बालअधिकार समिति
१०. सदस्य – संयोजक, बेटी पढाउ, बेटी बचाउ अभियान
११. सदस्य – संयोजक, प्रदेश बालक्लब सञ्जाल
१२. सदस्य – प्रतिनिधि, नागरिक समाज
१३. सदस्य–सचिव – प्रमुख, सामाजिक विकास महाशाखा



प्रदेश सचिव

**अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः**

१. प्रदेश अनुगमन तथा मूल्याङ्कन समितिका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) यस रणनीति योजनाको आधारमा कार्ययोजना तयार गर्ने ।

ख) रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका सामाजिक व्यवहार परिवर्तन समेतका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्रथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

ग) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।

घ) रणनीतिक योजना कार्यान्वयनका लागि श्रोत व्यवस्थापन, अनुमान, आवधिक समीक्षा तथा सूचना अभिलेखीकरणको कार्य गर्ने ।

२. समितिको बैठक कम्तिमा वर्षको ६ पटक बस्नेछ ।

३. समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवम् संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकिनेछ ।

४. समितिको अन्य कार्य तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(ग) जिल्ला समन्वय, अनुगमन तथा मुल्याङ्कन समिति**

१. संयोजक – जिल्ला समन्वय समिति प्रमुख

२. सदस्य – प्रमुख जिल्ला अधिकारी

३. सदस्य – प्रमुख, जिल्ला प्रहरी कार्यालय

४. सदस्य – प्रमुख, जिल्ला न्यायधिवक्ता

५. सदस्य – प्रमुख, जिल्ला स्वास्थ्य कार्यालय

६. सदस्य – प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई

७. सदस्य – प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह

८. सदस्य – प्रमुख, जिल्ला पत्रकार महासंघ

९. सदस्य – जिल्लामा बालबालिकाको क्षेत्रमा कार्यरत गैसस मध्येबाट १ जना महिला सहित २ जना

१०. सदस्य – अध्यक्ष, जिल्ला बालक्लब सञ्जाल

११. सदस्य सचिव – जिल्ला समन्वय अधिकारी

**जिल्ला समन्वय, अनुगमन तथा मुल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः**

१. जिल्ला समन्वय, अनुगमन तथा मुल्याङ्कन समितिका काम, कर्तव्य र अधिकार देहायमोजिम हुनेछ :

क) यस रणनीतियोजनाको आधारमा जिल्लागत कार्ययोजना तयार गर्ने ।



प्रदेश सचिव

ख) रणनीति तथा कार्ययोजनामा रहेका बालविवाह विरुद्धका कार्यक्रमहरुलाई सम्बन्धित निकायको वार्षिक कार्यक्रममा प्रथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं पहल गर्ने ।

ग) जिल्लामा सञ्चालित बालविवाह अन्त्यसँग सम्बन्धित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण तथा निर्देशन दिने ।

घ) रणनीतिक योजना कार्यान्वयनका लागि श्रोत व्यवस्थापन, अनुमान, आवधिक समीक्षा तथा सूचना अभिलेखीकरणको कार्य गर्ने ।

२. समितिको बैठक कम्तिमा वर्षको ३ पटक बस्नेछ ।

३. समितिको वैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवं संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा वोलाउन सकिनेछ ।

४. समितिको अन्य कार्य तथा बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**(घ) स्थानीय कार्यान्वयन, समन्वय तथा अनुगमन समितिमा देहायका निकाय तथा संस्थाहरुको प्रतिनिधित्व रहनेछः**

१. संयोजक– उपप्रमुख/उपाध्यक्ष, नगरपालिका/गाउँपालिका
२. सदस्य – कार्यपालिका सदस्यहरु २ जना
३. सदस्य – प्रमुख, महिला तथा बालबालिका शाखा
४. सदस्य – प्रमुख, शिक्षा शाखा
५. सदस्य – प्रमुख, स्वास्थ्य शाखा
६. सदस्य – प्र.अ., नगर प्रमुखले तोकेको सामुदायिक विद्यालयमध्येबाट १ जना
७. सदस्य – अध्यक्ष, नगरप्रमुखले तोकेको विद्यालय व्यवस्थापन समितिबाट १ जना
८. सदस्य – प्रतिनिधि, स्थानीय प्रहरी इकाइ १ जना
९. सदस्य – संयोजक, गाउँ/नगर बालक्लब सञ्जाल १ जना
१०. सदस्य – समितिले मनोनयन गरेका बालअधिकारकर्मी २ जना
११. सदस्य – स्थानीय गैसस प्रतिनिधि १ जना
१२. सदस्य – संयोजकद्वारा मनोनित १ जना (कानून व्यवसायी)
१३. सदस्य–सचिव – प्रमुख प्रशासकीय अधिकृत

**स्थानीय पालिकास्तरको कार्यान्वयन, समन्वय र अनुगमन समितिको काम, कर्तव्य र अधिकार :**

१. स्थानीय पालिकास्तरको कार्यान्वयन, समन्वय र अनुगमन र मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) रणनीतिक कार्ययोजनामा रहेका सामाजिक व्यवहार परिवर्तन सहितका बालविवाह विरुद्धका कार्यक्रमहरुलाई पालिकाको वार्षिक कार्यक्रममा प्राथमिकताका साथ समावेश गरी कार्यान्वयन गर्न पहल गर्ने ।



प्रदेश सचिव

ख) बालविवाह विरुद्धका कार्यक्रमलाई स्थानीय तहसम्म सञ्चालन गरी यस विरुद्धमा जागरण ल्याउन आवश्यक सहजीकरण गर्ने ।

ग) बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरुको नियमित तथा आवश्यकतानुसार अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण सहित सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने ।

घ) प्रदेशस्तरको कार्यान्वयन, समन्वय र अनुगमन समितिको निर्देशानुसार काम गर्ने ।

२) समितिको बैठक कम्तिमा १ महिनामा एक पटक बस्नेछ ।

३) समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित विज्ञ एवम् संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

४) बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**ङ) वडा तहको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिमा देहायका निकाय तथा संस्थाहरुको प्रतिनिधित्व रहनेछः**

१. संयोजक – वडाअध्यक्ष
२. सदस्य – २ जना वडा सदस्यहरु (एकजना महिला सदस्य)
३. सदस्य – प्रहरी प्रतिनिधि
४. सदस्य – स्वास्थ्य प्रतिनिधि
५. सदस्य – वडाध्यक्षले तोकेको प्र.अ./शिक्षक १ जना
६. सदस्य – वडाध्यक्षले तोकेको वि.व्य.स. अध्यक्ष वा प्रतिनिधि १ जना
७. सदस्य – सचिव – वडा सचिव

## १४. कार्यान्वयनको समयावधि

यस रणनीतिक योजनाको कार्यान्वयन अवधि वि.सं. २०७६/७७ देखि २०८६/८७ (सन् २०१९ देखि २०३०) सम्म रहनेछ । योजना अवधिमा कानुनले निषेध गरेको बालविवाहको दर घटाउँदै प्रदेश नं. २ लाई बालविवाह मुक्त प्रदेश बनाइनेछ ।

## १५. श्रोतको अनुमान तथा परिचालन

यस रणनीतिक योजनाको कार्यान्वयनका लागि प्रत्येक चालू आर्थिक वर्षको शुरुमा सो वर्षको वार्षिक योजनाअनुरुपको क्रियाकलापको वास्तविक बजेट तर्जुमा गरिनेछ । यसरी वार्षिक योजना र बजेट तर्जुमा गर्दा सम्बन्धित प्रदेश सरकार, स्थानीय तह, प्रदेशमा कार्यरत संयुक्त राष्ट्रसंघीय निकाय, द्वीपक्षीय तथा बहुपक्षीय सरकारी निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुको प्रतिनिधिहरुलाई आमन्त्रण गरी ती निकाय तथा संस्थाहरुको तर्फबाट गरिने क्रियाकलापहरुलाई समेत यस रणनीतिक योजनामा मूलप्रवाहीकरण गरिनेछ ।

साथै यस रणनीतिक योजनाको समग्र दश वर्षको योजना तथा बजेटको अनुमानित बजेट तर्जुमा गरिनेछ । प्रत्येक वर्षको अनुमानित बजेटलाई हरेक वर्ष अनुगमन गरी विस्तृत योजना तथा बजेट तर्जुमा गरिनेछ । आर्थिक वर्ष २०७६/७७ को विस्तृत योजना बजेट तथा रणनीतिक योजनाको प्रत्येक वर्षको अनुमानित बजेटलाई योजनाको तार्किक ढाँचा खण्डमा समावेश गरिएको छ ।



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

## १६. जिम्मेबार निकाय र भूमिका

बालविवाह अन्त्य गर्न प्रादेशिक रणनीतिक योजना कार्यान्वयनका लागि सम्बन्धित निकाय र ती निकायहरुको भूमिका देहायअनुसार उल्लेख गरिएको छ ।

### १६.१ संघीय सरकार

(क) संघीय सरकारले बालविवाह विरुद्धका विद्यमान कानूनी प्रावधानहरु कार्यान्वयन गर्न स्रोतको उपलब्धता गर्ने ।

### १६.२ प्रदेश सरकार

(क) बालविवाह अन्त्यको लागि आवश्यकता अनुसार नीति, नियम र निर्देशिका तयार गर्ने,

(ख) वि.सं. २०६८ सम्म बालविवाह मुक्त प्रदेश बनाउन सचेतना अभिवृद्धि तथा बालविवाहको कसुरमा हुने कानूनी कारवाही सम्बन्धी सचेतना कार्यक्रमलाई प्रभावकारी रुपमा स्थानीय तहमा लैजाने,

(ग) छात्रा शिक्षामा प्राथमिकता दिने,

(घ) प्रत्येक स्थानीय तहमा बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन गर्न प्रदेशले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) स्थानीय तहलाई बालविवाह विरुद्ध बजेटको व्यवस्थापन गर्न प्रोत्साहन गर्ने र हानिकारक सामाजिक व्यवहार परिवर्तन सम्बन्धमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने,

(च) बालविवाह अन्त्य गर्नका लागि स्थानीय तहले नेतृत्वदायी भूमिका खेल्नका लागि प्रतिवद्धता लिने दिने,

(छ) स्थानीय तहमा बालविवाह अन्त्य सम्बन्धी नीति नियम बनाई कार्यान्वयनमा ल्याउन सहयोग गर्ने,

(ज) बालविवाह मुक्त स्थानीय तहको घोषणा गर्ने स्थानीय तहलाई प्रदेशबाट सम्मान र पुरस्कारको व्यवस्था गर्ने ।

### १६.३ स्थानीय तह

(क) स्थानीय तहमा बालविवाह अन्त्य सम्बन्धी नीति नियम बनाई कार्यान्वयनमा ल्याउने,

(ख) बालविवाह अन्त्यका लागि सामाजिक व्यवहार परिवर्तन सहितका कार्यक्रमलाई प्राथमिकतामा राखी आवश्यक बजेट व्यवस्था गर्ने,

(ग) किशोरकिशोरीलाई जीवन उपयोगी सीप सम्बन्धी कार्यक्रम आयोजना गर्ने,

(घ) सबै जनप्रतिनिधि र सरोकारवालाहरुलाई बालविवाह विरुद्ध लाग्न अनुरोध गर्ने,

(ङ) स्थानीय तहबाट सञ्चालन हुने विभिन्न सचेतनामुलक कार्यक्रममा बालविवाहले पार्ने असरका बारेमा छलफल चलाउने,

(च) धार्मिक संस्थाहरुलाई बालविवाह निषेधित क्षेत्र घोषणा गर्ने,

(छ) सबै सरोकारवालाहरुलाई बालविवाह विरुद्ध प्रतिवद्ध तुल्याउने,

### १६.४. अभिभावक

(क) आफ्ना बालबालिकालाई माया र सम्मानपूर्ण वातावरणमा हुर्काउने,



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

(ख) बालबालिकाको शिक्षामा पूर्ण रूपमा सहयोग गर्ने र उनीहरुलाई नैतिकवान हुन उत्प्रेरणा प्रदान गर्ने,

(ग) बालविवाह विरुद्ध घर परिवारमा छलफल चलाउने साथै आफ्ना छोरा/छोरीको विवाह बीस वर्ष पारी गर्ने र अरूलाई पनि बीस बर्ष पुगिसकेपछि मात्र छोराछोरीको विवाह गर्न प्रेरित गर्ने।

**१६.५ बालबालिका, बालक्लब तथा बालक्लब सञ्जाल**

(क) अभिभावकलाई बालविवाह अन्त्य कार्यक्रममा सहभागी गराउने,

(ख) बालविवाह विरुद्ध सडक नाटक, र्‍याली, गोष्ठी, वक्तृत्वकला, बादविवाद जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(ग) बालक्लब, बालक्लब सञ्जाल तथा साथीहरु बीच बालविवाह अन्त्य सम्बन्धी छलफल चलाउने,

(घ) बालक्लब तथा बालक्लब सञ्जालले विद्यालय तथा समुदायमा बालविवाहले पार्ने नकरात्मक असर बारेमा जनचेतनामुलक अभियान चलाउने,

(ङ) बालविवाह हुन लागेको थाहा पाएमा सम्वन्धित निकायमा खबर गर्ने ,

(च) आफूले पनि बालविवाह नगर्ने र अरुको पनि बालविवाह हुन नदिने,

(छ) विद्यालय बाहिर रहेका बालबालिका तथा साथीहरुलाई विद्यालय भर्ना गर्नमा सहयोग गर्ने ।

**१६.६. विभिन्न समुदायमा आधारित संस्थाहरु तथा गैरसरकारी संस्थाहरु**

(क) बालक्लब तथा बालक्लब सञ्जाल गठन गरी बालविवाह अन्त्यका लागि हानिकारक सामाजिक व्यवहार परिवर्तन लगायतका अभियान चलाउनमा सहजीकरण गर्ने,

(ख) अभिभावक, परिवार र समुदायमा बालविवाह अन्त्यका लागि सचेतनामुलक कार्यक्रमको आयोजना गर्ने,

(ग) बालविवाह रोक्नको लागि स्थानीय तह, बालहेल्पलाइन नं. १०९८ र प्रहरीमा जानकारी गराउने र त्यस्तो अभियानमा सहयोग गर्ने,

(घ) बालविवाह गर्ने वा गराउनेलाई खबरदारी गर्न बालविवाह न्यूनीकरण समिति गठन गर्ने,

(ङ) बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रवर्द्धनका लागि बालमैत्री रणनीतिक कार्ययोजना बनाउन मद्दत गर्ने,

(च) बालविवाह अन्त्यका लागि तीनै तहका सरकार तथा अन्य सरोकारवाला निकायसँगको सहकार्य, सहयोग र समन्वयमा कार्यक्रमहरु सञ्चालन गर्ने ।

**१६.७ कर्मचारी/शिक्षक**

(क) बालविवाह विरुद्धका अतिरिक्त कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने र कार्यक्रममा सहयोग गर्ने ।

(ख) बालविवाहले बालबालिकामा पार्ने असरका बारेमा जानकारी गराउने,

(ग) बालविवाहमा सरिक नहुने र अरुलाई पनि सरिक नहुन अनुरोध गर्ने,



प्रदेश सचिव

(घ) बालविवाह भएको जानकारी पाएमा कानूनी कारवाहीको दायरामा ल्याउन पहल गर्ने र सम्बन्धित निकायमा सूचना दिने ।

(ङ) जीवन उपयोगी सीप सम्बन्धी कक्षा सञ्चालन गर्ने ।

(च) बालविवाह गर्न अग्रसर अभिभावकहरुलाई सम्झाउने र आवश्यकता अनुसार सम्बन्धित निकायमा सूचना दिने ।

**१६.८. नागरिक समाज**

(क) बालविवाहमा सहभागी नहुने र अरूलाई पनि सहभागी नहुन अनुरोध गर्ने,

(ख) समुदायमा बालविवाह हुन नदिने,

(ग) बालविवाह गराउने परिवारको सदस्यलाई संस्थागत सहभागिता नगराउने,

(घ) बालविवाह हुन लागेमा नजिकैको प्रहरी तथा बालहेल्पलाइन १०९८ मा खबर गर्ने।

**१६.९. आमा समूह, बाल संरक्षण समिति/ सञ्जाल**

(क) घर परिवार, आमा समूहका प्रत्येक सदस्यलाई बालविवाहले ल्याउने बेफाइदा बारेमा जानकारी दिदै चेतना अभिबृद्धि गर्ने,

(ख) बालमैत्री स्थानीय शासन र यसका सूचकका बारेमा चेतना अभिबृद्धि गर्ने,

(ग) परम्परादेखि प्रचलनमा आएका हानिकारक सामाजिक व्यवहार, मूल्य र मान्यताका साथै संस्कारलाई प्रत्येक अभिभावक, आमा समूह, बालक्लब सञ्जालहरुको सहकार्यमा विहेबारी २० वर्ष पारी भन्ने सन्देश सहित टोल टोलमा सचेतना कार्यक्रम गर्ने तथा मातृस्वास्थ्य र शिशुको स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यक्रम गर्ने ।

**१६.१०. धार्मिक प्रचारक, अगुवाहरू पुरोहित**

(क) विवाहको विषयमा छलफल गर्न आउदा अभिभावकसँग विवाह गर्ने व्यक्तिको उमेर सोध्ने र बालविवाह हो भने सो नगर्न अनुरोध गर्ने र नमानेमा स्थानीय तह, प्रहरी, विद्यालय तथा सरोकारवालाहरुलाई सूचना दिने,

(ख) बालविवाह हुने कुनै पनि धार्मिक तथा सांस्कृतिक कार्यक्रममा आफू सहभागी नहुने,

(ग) धार्मिक स्थललाई बालविवाह मुक्त स्थान घोषणा गर्ने,

(घ) जमघट, प्रवचन तथा भेलाहरूमा बालविवाह नगर्न, नगराउन सचेत बनाउने।

**१६.११. प्रहरी/प्रशासन**

(क) बालविवाह भएको जानकारी पाउनासाथ रोक्ने र कानूनी दायरामा ल्याउने,

(ख) सामुदायिक प्रहरी सेवा समूह गठन गरी जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।

**१६.१२. युवा समूह/किशोर किशोरी समूह**

(क) जीवनउपयोगी शिक्षाको छलफलमा सहभागी हुने



प्रदेश सचिव

(ख) साथीहरूलाई पनि प्रोत्साहित गर्ने र छलफलमा सिकेका कुरा दौंतरी तथा परिवारसँग पुन छलफल गर्ने,

(ग) बालविवाह आफू पनि नगर्ने र अरूलाई पनि नगर्न प्रोत्साहन गर्ने,

(घ) बालविवाह अन्त्यका लागि क्रियाशील रहने।

**१६.१३. विद्यालय, स्वास्थ्य संस्था तथा सेवा प्रदायक संस्थाहरू (जस्तै; वन, सहकारी, खानेपानी आदि)**

(क) अतिरिक्त क्रियाकलापमा बालविवाह नकारात्मक असर सम्बन्धी विषय समावेश गर्ने,

(ख) बालविवाहको नकारात्मक असरका बारेमा सचेतना अभिवृद्धि गराउने खालका कार्यक्रम आयोजना गर्ने,

(ग) बालविवाह हुन लागेको थाह पाएमा रोक्ने र नजिकैको प्रहरी कार्यालयमा खवर गर्ने।

**१६.१४ सञ्चार माध्यम**

(क) बालसंरक्षणका आचारसंहिता पालना गर्दै बालविवाह विरुद्ध समाचार लेख्ने र प्रचारप्रसारमा प्राथमिकता दिने,

(ख) सञ्चार माध्यमबाट बालविवाह विरुद्ध सरकारी निकायसँग सहकार्य गरी सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरु तयार गरी प्रकाशन र प्रसारण गर्ने,

(ग) बालविवाह सम्बन्धी कानूनी प्रावधान सम्बन्धमा अन्तरवार्ता, लेख, आदि प्रकाशन र प्रसारण गर्ने ।

**१६.१५ राजनीतिक दल**

(क) बालविवाह गैरकानूनी कार्य हो भन्ने विषयमा कार्यकर्ता तथा सदस्यलाई प्रशिक्षित गर्ने,

(ख) केटा र केटी दुबैको उमेर २० वर्ष पुगेपछि मात्र विवाह गर्न सल्लाह दिने,

(ग) बालविवाह विरुद्ध हुने चेतनामुलक कार्यक्रममा भाग लिने र त्यसप्रति सार्वजनिक प्रतिवद्धता जनाउने,

(घ) बालविवाह न्यूनीकरणका लागि बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य प्रचलित कानून कार्यान्वयनका लागि सहयोग गर्ने,

(ङ) चुनावी घोषणापत्रमा बालविवाह विरुद्ध पार्टीको स्पष्ट दृष्टिकोण समेट्ने ।

***



प्रदेश सचिव

अनुसूची १

## बालविवाह विरुद्ध १० वर्षे रणनीतिक योजना (२०७८/०७९-२०८८/०८९) को तार्किक खाका

(Logical Framework for the Strategic Plan)

### रणनीतिक कार्यदिशा – १
### बालबालिका तथा किशोरकिशोरीको सशक्तिकरण

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समय अवधि |
|---|---|---|---|---|---|
| १.१ विद्यालयभित्र र बाहिर रहेका बालबालिका र किशोरकिशोरीहरुको शिक्षा, स्वास्थ्य, सामाजिक, आर्थिक एवम् कानूनी क्षेत्रमा पहुँच सुनिश्चित हुनुका साथै निर्णय क्षमतामा वृद्धि भई बाल विवाहमा कमी आएको हुनेछ । | ११.१.१ औपचारिक, अनौपचारिक, वैकल्पिक, दौंतरी शिक्षा, जीवनउपयोगी सीप, अतिरिक्त क्रियाकलाप, बालक्लब तथा सामाजिक गतिविधिका माध्यमबाट विवाहको कानूनी उमेर, बालविवाहको नकारात्मक असरहरूबारे आमाबुवा र परिवारका अन्य सदस्यहरूसँग छलफल गरी स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने ।<br>११.१.२ बालिका र किशोरीलाई यौन तथा प्रजनन् स्वास्थ्य लगायत लैङ्गिक समानता र अधिकारबारे सचेत गराई स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुंच बढाउने ।<br>११.१.३ बालविवाह विरुद्ध सामुहिक पहलका लागि बालिकालाई समूह निर्माण गर्न वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने । | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br>स्थानीय तह, सरोकारवाला संघसंस्थाहरु । | –कार्यक्रममा सहभागी अभिभावक, बालबालिका र किशोर किशोरीहरुको उपस्थिति संख्या ।<br>–किशोरी सूचना तथा परामर्श केन्द्रको स्थापना र सञ्चालन<br>–कार्यक्रम सञ्चालन गरेका स्थानीय तह र विद्यालय संख्या<br>–कार्यक्रममा सहभागी बालबालिका र किशोर किशोरीहरुको संख्या<br>–कार्यक्रम कार्यान्वयन मिति र स्थान | ५० लाख<br>५० लाख<br>१ करोड<br>२५ लाख<br>२० लाख<br>२० लाख | योजना अवधिभर निरन्तर<br>(२०७८/७९-२०८८/८९) |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | ११.१.४ बालिकामाथि हुने दुर्व्यवहार तथा हिंसा रोक्न बालिकाहरुलाई आत्मरक्षा तालिमको व्यवस्था गर्ने ।<br><br>११.१.५ बालविवाह विरुद्ध प्रदेशस्तरमा समाजिक व्यवहार परिवर्तन मार्फत अभियान सुरु गर्ने । | | | | |

मधेश प्रदेश सरकार महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय मधेश प्रदेश जनकपुरधाम, धनुषा

## रणनीतिक कार्यदिशा – २
## बालिका र किशोरीहरुको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| २.१ विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, बाल क्लब, सुविधायुक्त र सुरक्षित शौचालय, सेनेटरी प्याड लगायतका सुविधा उपलब्ध भएको हुनेछ ।<br><br>२.२ बालबालिकाको विद्यालय छाड्ने दरमा कमी आउनेछ ।<br><br>२.३ विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई अनौपचारिक शिक्षा मार्फत | ११.२.१ विद्यालयमा बालिकाहरूका लागि बालमैत्री र गुणस्तरीय शिक्षा सुनिश्चित गराउने ।<br><br>११.२.२ विद्यालय बाहिरका, विवाहित र अविवाहित तथा अवसरविहीन बालिकाहरू र उनीहरूका परिवारलाई विभिन्न सुविधाहरू (माध्यमिक तह र उच्च शिक्षाको छात्रवृत्ति, निःशुल्क पुस्तक, पोशाक तथा अन्य सुविधा) प्रदान गर्दै उनीहरूलाई विद्यालय जान र विद्यालय शिक्षालाई निरन्तरता दिन प्रोत्साहन गर्ने ।<br>११.२.३ विद्यालय, बालक्लब, खेलकुद र विद्यालयको अतिरिक्त क्रियाकलापमा बालबालिकाहरूको समान तथा अर्थपूर्ण सहभागिता सुनिश्चत गर्ने ।<br><br>११.२.४ विद्यालयहरूमा बालमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय, स्थानीय तह महिला तथा बालबालिका महाशाखा खेलकुद महाशाखा, दातृ निकाय, गैसस, सामाजिक विकास मन्त्रालय, स्थानीय तह, गैसस, दातृ निकाय, नागरिक समाज, वि.व्य.स गैसस, शैक्षिक तालिम केन्द्र,<br><br>विद्यालय व्यवस्थापन समिति, | -बालक्लब र लैंगिकमैत्री शौचालय भएका विद्यालयहरुको संख्या,<br><br>-सेनेटरी प्याडको उपलब्धताको ।<br><br>-सञ्चालित अतिरिक्त क्रियाकलापहरुको वर्गीकृत विवरण एवम् संख्याको यकिन । विद्यालय छोड्ने दर<br><br>-प्रतिवर्ष ५ प्रतिशत को दरले कमी आएको हुनेछ । विद्यालय बाहिर रहेका बालबालिकाहरुको अद्यावधिक तथ्यांक । | प्रति विद्यालय ५०,०००<br><br>प्रति विद्यालय २०,००० ।<br><br>प्रति पालिका १ लाख ५० हजार<br><br>प्रतिविद्यालय १०,०००।- | निरन्तर रुपमा |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| सशक्तिकरण गरी सूचना पहुँचको सुनिश्चितता हुनेछ ।<br><br>२.४ मनोविमर्श, यौन तथा प्रजनन स्वास्थ्य र बालअधिकार सम्बन्धी विषयमा तालिम प्राप्त शिक्षक शिक्षिकाहरुको उपलब्धता भएको हुने ।<br><br>२.५ विद्यालय बालमैत्री र लैंगिक मैत्री भएको हुनेछ । | सुनिश्चित गर्न साथै लैंगिक हिंसामुक्त विद्यालय निर्माणका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई तालिम प्रदान गर्ने ।<br><br>११.२.५ विद्यालयमा महिला शिक्षकहरूको संख्या बढाउने तथा विद्यालयको व्यवस्थापन र व्यवस्थापन समितिमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br><br>११.२.६ बालिकाहरूलाई अध्ययन छोड्न बाध्य पार्ने परम्परागत हानिकारक अभ्यास र समाजिक व्यहारहरूको विरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने । | पाठ्यक्रम विकास केन्द्र, शिक्षा महाशाखा | -मनोविमर्शकर्ताहरुको उपलब्धता (संख्या) ।<br><br>-स्थानीय, स्वास्थ्य संस्था तथा नर्सिङ्ग सेवा एवम् ओसिएमसी मार्फत् मनोविर्मशकर्ताहरुको परिचालन भएको संख्या<br><br>-तालिम प्राप्त शिक्षकहरुको संख्या<br><br>-वि.व्य.सको बैठकमा महिला सदस्यहरुको उपस्थिति,<br><br>-पाठ्यपुस्तकमा बालअधिकार, बालविवाह तथा यौनिकतासँग सम्बन्धित विषयहरुको समाहित भएको यकिन ।<br><br>-प्रदेश स्तरमा आयोजित तालिमको संख्या, सहभागी संख्या समेत ।<br><br>किशोरकिशोरी मैत्री सुचना केन्द्र र तालिम प्राप्त शिक्षकको संख्या ।<br><br>-विद्यालय छोडने छात्रा र छात्रको दरमा कमी आइ तथ्यांक अध्यावधिक भएको हुने | प्रति विद्यालय २० हजार र समुदायका लागि प्रतिपालिका<br><br>५० हजार<br><br>प्रति विद्यालय ४० हजार<br><br>प्रतिविद्यालय ३५ हजार<br><br>प्रतिविद्यालय ३० हजार | |

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

| | | | | | |
|---|---|---|---|---|---|
| | | • | -विद्यालय बाहिर रहेका बालबालिकाहरुको समुह संख्या र दौतरी शिक्षक संख्या ।<br>-समुदायमा आधारित स्वास्थ्य र शिक्षा सम्बन्धी कार्यक्रममा सहभागिको संख्या ।<br>-बालमैत्री र लैगिक मैत्री शिक्षा पद्धति सम्बन्धी तालिम प्राप्त गरेका शिक्षकको संख्या ।<br>-मनोसामाजिक विमर्शकर्ताहरुले सेवा दिएको पटक र सेवा लिएकाको संख्या । | प्रतिपालिका ५० हजार<br>प्रतिपालिका २ लाख ५० हजार<br>प्रतिविद्यालय २० हजार<br>प्रतिविद्यालय १० हजार | |

प्रदेश सचिव

## रणनीतिक कार्यदिशा – ३
## बालक, किशोर तथा पुरुषहरूको सहभागिता

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ३.१ बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता बढेको हुनेछ ।<br>३.२ सार्वजनिक सञ्चार माध्यमहरु मार्फत बालविवाहका कारण र असरहरुबारे अवगत भएको हुनेछ ।<br>३.३ बालविवाह सामाजिक मर्यादा विरुद्धको कार्यको रुपमा निरुत्साहित भएको हुने र सो समाजिक व्यवहार परिवर्तनको अभियानमा समाजका सबै मानिसहरु सहभागी हुने । | ११.३.१ बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा सचेतना अभिवृद्धि गरी बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा पुरुष तथा बालकको सहभागिता सुनिश्चित गर्ने ।<br>११.३.२ बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोचका विरुद्ध समाजिक व्यवहारमा परिवर्तन ल्याउनका लागि यस विरुद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न धार्मिक संस्था, धर्मगुरुहरू, पण्डित, पुरोहित ज्योतिष, धामीझाँक्री, नागरिक समाज लगायत सामाजिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।<br>११.३.३ बालविवाहबाट सृजित लैङ्गिक हिंसा र दाइजो प्रथाको विरुद्धमा पुरुष तथा किशोरहरूमा कानूनी सचेतना अभिवृद्धि गर्ने ।<br>११.३.४ छोरा छोरीको विवाहमा बुवा तथा परिवारका पुरुष सदस्यहरुको भूमिका महत्वपूर्ण एवं निर्णायक हुने भएकोले | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br>गैसस, स्थानीय तह,<br>स्वास्थ्य क्लब,<br>गैसस | -अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको तह र संख्या, सहभागी संख्या ( अविवाहित किशोर किशोरी)<br>-कार्यक्रमको बारेमा सञ्चार माध्यमद्धारा सन्देशमूलक प्रसारण सामग्रीहरु बनाएको पटक ।<br>-शिक्षा आयआर्जन, रोजगारी सम्बन्धि चेतनामूलक सन्देशमूलक प्रसारण सामग्रीहरु बजाएको पटक,<br>वडा स्तरमा अभिभावक भेला भएको पटक ।<br>-स्थानीय तहमा विभिन्न धार्मिक गुरुहरुका लागि सचेतना कार्यक्रम सञ्चालन भएको स्थानीय तहको संख्या र सहभागी संख्या<br>-वडास्तरमा बाल क्लबहरुको सहभागितामा भएको | दुई करोड (८०० स्थानको लागि)<br>१०,००० जना<br>दुई करोड चालिस लाख<br>(२५ आम सञ्चार माध्यम, ८ जिल्ला, १२ महिना, रु. १०,०००)<br>एक करोड तीस लाख<br>(वडा १३००, ५० जना, रु. २००)<br>वार्षिक २६,००,०००<br>(१३०० वडा, १० जना रु. २००) | १ बर्ष आ.व. ०७८।०७९ |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | उनीहरुलाई बालविवाहबाट हुने हानी तथा कानूनी व्यवस्थाबारे जानकारी दिने । | | बालविवाह सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भएको पटक र सहभागी संख्या | वार्षिक ३९,००,०००<br>वार्षिक<br>(अनुमानित १३०० वडा) | |

## रणनीतिक कार्यदिशा – ४
## परिवार र समुदायको परिचालन गर्ने

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ४.१ समुदायका सबै पक्षहरुको सहभागितामा बालविवाह विरुद्ध निरन्तर रुपमा विभिन्न अभियानहरु सञ्चालन भई परिवार तथा समुदायबाट बालविवाह निषेधलाई प्रोत्साहन हुने ।<br>४.२ परिवार, समूदाय र बालबालिकाबीच सुमधुर सम्बन्ध हुनेछ ।<br>४.३ बालविवाह रोक्न परिवार र समूदायको सक्रिय भूमिका हुनेछ ।<br>४.४ २० वर्ष पछि विवाह गर्ने परिवारलाई स्थानीय तहबाट सेवा उपलब्धतामा प्राथमिकता दिइनेछ । | ११.४.१ समुदायमा रहेका अभिभावक समूह, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा बालविवाह विरुद्धको अभियान सञ्चालन गर्ने ।<br>११.४.२ असल अभिभावकत्व सम्बन्धी ज्ञानसीपको विकास गरी परिवार तथा समुदायमा अन्तरपुस्ता संवादको माध्यमबाट बालविवाह निषेध गर्न प्रोत्साहन गर्ने ।<br>११.४.३ छोरा र छोरी बीचको विभेद लगायत समाजमा रहेका हानिकारक सामाजिक व्यवहार एवं सामाजिक मान्यताहरूलाई निरुत्साहन गरी बालविवाह विरुद्धका विषय स्थानीय विकास तथा सामाजिक मूल्यको विषयको रुपमा स्वीकार | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br>सम्वन्धित महाशाखा,<br>स्थानीय तह, गैसस, समूदाय<br>बालक्लब, युवाक्लब,<br>सञ्चार माध्यम, | -सबै स्थानीय तहले बालविवाह विरुद्धको समाजिक व्यवहार परिर्वतन अभियान वार्षिक रुपमा १३६ वटै पालिकामा सञ्चालन गरी २ वर्षमा २७२ वटा पालिका स्तरीय अभियान सञ्चालन भएको हुने ।<br>समुदायस्तरमा संवाद शुरु भएको हुने ।<br>-पालिकास्तरमा अभियान सञ्चालन भएको हुने ।<br>-प्रदेश तहमा अभियानको नतिजालाई लिएर एउटा प्रादेशिक समीक्षा कार्यक्रम भएको हुने ।<br>-प्रदेश तहमा अभियानको - नतिजालाई लिएर एउटा | एक स्थानीय तहले वार्षिक ५ लाख<br>(एउटा पालिकाले १ वर्षमा गर्ने खर्चको अनुमानित बजेट ५ लाख ×२×१३६= १ करोड ३६ लाख<br>प्रति पालिका रु १ लाख<br>प्रति पालिका रु २ लाख<br>रु ५ लाख | **आव** २०७८/७९–२०७९/८१<br>निरन्तर<br>निरन्तर<br>प्रत्येक २ वर्षमा |



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

| | | | | | |
|---|---|---|---|---|---|
| | गरी 'बालविवाह मुक्त स्थानीय तह'को अभियान सञ्चालन गर्ने ।<br>११.४.४ गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरूमा पहुँच वृद्धि गरी बालबालिकाको सशक्तिकरण गर्नुका साथै दाइजो प्रथा, लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रवर्धन र क्षमतामा अभिवृद्धि गर्ने ।<br>११.४.५ दाइजो लेनदेन नगर्ने । | | प्रादेशिक समीक्षा कार्यक्रम भएको हुने ।<br>-२० वर्षभन्दा माथि उमेरमा छोराछोरीको विवाह गरिदिने सबै अभिभावकहरु | | |
| ४.५ बालविवाह विरुद्ध समाजिक व्यवहार परिबर्तन का लागी राजनितिक दलहरु प्रतिबद्ध हुनेछ । | १६.१५ राजनितिक दलहरुले आफनो विधान, चुनावी घोषणा पत्र, तथा राजनितिक एजेण्डामा बाल विवाहमुक्त प्रदेश र पालिकालाई प्राथमिकताका साथ सम्बोधन गर्नेछ । | सबै राजनितिक दल तथा भातृ र भगिनी संगठन | सबै राजनितिक दलका विधान, एवं चुनाबी घोषणपत्रमा उल्लेख भएको हुने | राजनितिक दलको आफनै खर्च लागत | दल तथा सम्वद्ध सगंठनले आयोजना गर्ने औपचारिक अनौपचारिक तथा नियमित कार्यक्रमहरुमा सधैं । |

प्रदेश सचिव

## रणनीतिक कार्यदिशा – ५
## प्रभावकारी र सेवाग्राही मैत्री सेवा प्रवाह

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ५.१बालविवाहका जोखिममा रहेका सीमान्तकृत तथा विपन्न बालिकाहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य सेवा, जीवनउपयोगी सीप, निःशुल्क मनोविमर्श, कानुनी परामर्श, अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरु सुनिश्चित भएको हुनेछ ।<br><br>५.२ सेवा प्रदायक निकाय तथा संस्थाहहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाहमा लागि प्रेषण प्रणालीको स्थापना भएको हुने तथा सुचना तथा अभिलेखीकरण प्रणाली व्यवस्थित भएको हुने ।<br><br>५.३ बालविवाह विरुद्धका कार्यक्रमहरु स्थानीयस्तरमै सरकारी निकाय तथा गैरसरकारी संस्थाहरुको प्राथमिकतामा पर्ने तथा बालविवाह विरुद्ध संरचनाहरु | ११.५.१ किशोरकिशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्यसम्बन्धी जानकारी तथा रोकथाम र उपचारसम्बन्धी सेवामा विवाहित तथा बालविवाहको जोखिममा रहेका अविवाहित बालबालिकाको पहुँच सुनिश्चित गर्ने ।<br><br>११.५.२ बालविवाह, मानव बेचबिखन तथा ओसारपसार, लैङ्गिक हिंसाको जोखिममा रहेका र विवाह भएका बालिकाहरूमाथि आउन सक्ने जोखिमको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवाको प्रभावकारी कार्यान्वयन गर्ने ।<br><br>११.५.३ सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने ।<br><br>११.५.४ पारिवारिक र सामाजिक सहयोग सुनिश्चित गर्दै सम्मानजनक जीवनयापन गर्ने वातावरण तयार गर्ने ।<br><br>११.५.५ बालविवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिका तथा किशोरीको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br><br>स्थानीय तह, विद्यालय, गैसस,<br><br>सामाजिक विकास मन्त्रालय,<br><br>स्थानीय तह,<br><br>गैसस, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br><br>स्थानीय तह,<br><br>गैसस | -विद्यालय वञ्चित बालिका तथा किशोरीहरु अनौपचारिक शिक्षामा आवद्ध भएको संख्या<br><br>-आवश्यक सहयोग पाएका बालबालिकाहरु<br><br>-कानुनी जटिलता भोगेका विवाहित बालिका तथा किशोरीहरुले निशुल्क कानुनी परामर्श पाएको संख्या<br><br>-हिंसा तथा शोषणको उच्च जोखिममा रहेका बालबालिका तथा किशोरकिशोरीहरुले सेवा प्रदायकहरुको सूची/नक्सांकन गरी आवश्यक सेवाका लागि प्रेषण प्रणाली स्थापित भएको ।<br><br>-स्थानीय तथा जिल्लास्तरमा विद्यमान सेवाप्रदायक संयन्त्रहरुको बालअधिकार, संरक्षण तथा लैंगिक हिंसासम्बन्धी क्षमता अभिवृद्धि भएका सेवाप्रदायकहरुको संख्या | वार्षिक प्रति बालिका/किशोरी रु १० हजार<br><br>न्याय क्षेत्रको क्षमता अभिवृद्धिका लागि रु २० हजार<br><br>प्रतिपालिका २ लाख | पहिलो ५ वर्षसम्म<br><br>निरन्तर<br><br>आव २०७८/७९<br><br>आव २०७८/७९-२०८२/८३<br><br>निरन्तर |



प्रदेश सचिव

मधेश प्रदेश सरकार
महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

| | | | | | |
|---|---|---|---|---|---|
| गठन भई क्रियाशील भएका हुने । | सेवाका लागि सिफारिस गर्ने सम्पर्क बिन्दुका रुपमा रहेका स्थानीय न्यायिक समिति, बालअधिकार समिति, मेलमिलाप केन्द्र, लैङ्गिक सशक्तिकरण तथा हिंसा निवारण समन्वय समितिहरु, बालक्लब, युवा सञ्जाल जस्ता बालअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।<br>११.५.६ स्थानीयस्तरमा कार्यरत सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूका कार्यक्रमहरूमा बालविवाह विरुद्धका क्रियापलापहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने ।<br>११.५.७ पञ्जीकरणको महत्वका बारेमा परिवार र समुदायमा सचेतना अभिवृद्धि र सेवा सुनिश्चतताका लागि सामुदायिक संघसंस्था तथा समूहहरूको क्षमता अभिवृद्धि गरी परिचालन गर्ने ।<br>११.५.८ विवाह भैसकेका बालिका तथा सानै उमेरमा पति गुमाएकाहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र प्रभावकारी कार्यक्रमहरूका तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रवर्धन तथा विस्तार गर्ने ।<br>११.५.९ वैवाहिक सम्बन्धलाई निरन्तरता दिन नचाहने बालबालिका तथा किशोरकिशोरीहरूको | | -शिक्षा, स्वास्थ्य तथा प्रहरी कार्यक्रममा बालविवाह समाहित गरिएको क्रियाकलाप संख्या<br>-पञ्जिकरण र यसको महत्व बारेमा जानकारी भएको समुदाय संख्या<br>-स्थानीय बालअधिकार समिति गठन भई सञ्चालित स्थानीय तह संख्या<br>-स्थानीय प्रहरीद्वारा रोकिएका बालविवाह संख्या | | |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार आश्रयस्थल, कानूनी सेवा, मनोसामाजिक विमर्श, शिक्षा, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।<br><br>११.५.१० बालविवाह गर्न भारतमा अवस्थित मठ मन्दिर तथा होटल धर्मशाला आदिमा जाने उपक्रमलाई रोक्न दुवै देशका प्रहरी तथा जनप्रतिनिधिबीच सहकार्यको वातावरण बनाउने । नेपाल र भारततर्फ एकअर्काको सीमा पारगरी गर्ने वालविवाह निरुत्साहित गर्न सीमासँग जोडिएका द्विदेशीय अधिकारीबीच समन्वय र सहकार्य गर्ने ।<br><br>११.५.११ धार्मिक स्थलहरुमा विवाह गर्ने वरवधुको उमेर खुल्ने प्रमाण अनिवार्य पेश गर्नु पर्ने । उक्त स्थानमा हुन लागेको बालविवाहबारे स्थानीय प्रहरीलाई सूचना गर्ने संयन्त्र निर्माण गर्नु पर्ने ।<br><br>११.५.१२ मन्दिर, मस्जिद, गुम्बा तथा गिर्जाघर जस्ता धार्मिकस्थलहरुमा विवाह गर्न गराउन आउने सम्बन्धित पक्षलाई वरबधुको विवाह गर्ने उमेर पुगेको प्रमाण बाहेक विवाह गर्न गराउन नदिने व्यवस्था गर्ने । | | | | |



प्रदेश सचिव

## रणनीतिक कार्यदिशा – ६
## कानून र नीति निर्माण, सुदृढीकरण र कार्यान्वयन

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ६.१ बालविवाह विरुद्ध आवश्यकता अनुसार कानुन नीतिहरु तर्जुमा गरिने तथा मौजुदा प्रादेशिक कानुन तथा नीतिहरु संवैधानिक तथा अन्तर्राष्ट्रिय कानुन अनुरुप पुनरावलोकन भएको हुनेछ तथा प्रदेशस्तरमा आवश्यक कानुनहरु (ऐन, नियमावली, कार्यविधि, नीति, रणनीति तथा निर्देशिका) निर्माण भएको हुनेछ । | ६.१.१ बालविवाहका विविध पक्षलाई समग्र रुपमा सम्बोधन गर्न राष्ट्रिय तथा प्रादेशिक कानून तथा नीतिहरुलाई संवैधानिक तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानून अनुरुप पुनरावलोकन गरी समायोजन गर्ने ।<br><br>६.१.२ प्रदेशस्तरमा नयाँ कानून निर्माण गर्ने तथा स्थानीयस्तरमा आवश्यकताअनुसार पालिकास्तरीय तथा वडास्तरीय रणनीतिहरु निर्माण गर्ने ।<br><br>६.१.३ राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोगले अनुगमन गरी प्राप्त गरेका सुझाव तथा पृष्ठपोषणको आधारमा नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने । प्रदेशस्तरमा पनि यस्ता आयोग तथा नियोगहरु गठन गर्न दवाव दिने । | विषयगत मन्त्रालयहरु,<br>प्रदेशसभा, संवैधानिक निकायहरु,<br>सरकारी निकायहरु तथा गैससहरु,<br>नागरिक समाज, | -तपसिल बमोजिमका कानुनहरु निर्माण भएको हुने,<br>(प्रदेश बालबालिकासम्बन्धी ऐन,<br>निशुल्क शिक्षासम्बन्धी ऐन,<br>बालबालिकासम्बन्धी नियमावली,<br>बालसंरक्षण नीति,<br>बालविवाह अन्त्यका लागि प्रादेशिक रणनीति,<br>निशुल्क कानुनी सहायता सम्बन्धी निर्देशिका आदि)<br>-१० वर्षभन्दा कम उमेरमा विवाह हुने संख्यामा प्रतिवर्ष २५०० का दरले कमी आइ वालविवाह अन्त्य हुने । | प्रतिवर्ष रु १० करोड समग्र कार्यक्रमका लागि | २ वर्षभित्र |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ६.२ बालविवाह विरुद्धका कानुनको कडाइका साथ कार्यान्वयन भएको हुने तथा बालबालिकासम्बन्धी मुद्याहरुको कारवाही प्राथमिकतामा परेको हुनेछ । | ६.१.४ बालिका र महिलाको सशक्तिकरणको लागि महिला विरुद्धका विद्यमान सबै विभेदकारी कानून परिमार्जन/संशोधन गर्ने ।<br><br>६.२.१ बालविवाहसम्बन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।<br><br>६.२.२ स्थानीय अदालत र अन्य न्यायिक/अर्धन्यायिक निकाय र पदाधिकारीहरूलाई बालविवाह विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।<br><br>६.२.३ पालिकाहरुका उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा रहेको न्यायिक समितिका पदाधिकारी तथा सदस्यहरुलाई बालअधिकार, लैङिग्क हिंसा तथा बालविवाहको विषयमा अभिमुखीकरण तालिम दिने । बालविवाहसम्बन्धी मुद्दाहरुलाई यथाशीघ्र सम्बोधन गर्न दवाव दिने ।<br><br>६.२.४ कानूनी उपचार लिन चाहने बालबालिकाहरुले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाइहरु पहिचान गरी सो निर्मूलन गर्न आवश्यक पहल गर्ने । | विषयगत मन्त्रालयहरु,<br>प्रदेशसभा, सवैधानिक निकायहरु,<br>अदालतहरु,<br>स्थानीय तह,<br>प्रहरी कार्यालयहरु,<br>सरकारी निकायहरु<br>नागरिक समाज, | -१०-१४ उमेर समूहको प्रतिवर्ष ३६,०० का दरले कमी आउने ।<br>-१५-१९ वर्षमा १,३६,००० ले विवाहमा कमी आई यो उमेर समूहको बालविवाह अन्त्य हुने ।<br>-आठै जिल्ला अदालतमा बालइजलास गठन भएको हुने ।<br>-प्रत्येक जिल्लामा कानुनी सहजकर्ता नियुक्ति भई बालविवाह विरुद्ध कार्य गरेको हुने । | | |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | ६.२.५ बालविवाह भएको अवस्थामा विवाह बदर गर्न चाहनेहरूको लागि आवश्यक कानूनी हक र उपचारमा पहुँचका साथै क्षतिपूर्ति राज्यले सुनिश्चित गर्ने ।<br><br>६.२.६ प्रदेश सरकार तथा पालिकाहरुले कानून निर्माण गरी बालविवाह विषयक पाठ्य सामग्री पाठ्यक्रममा राख्ने व्यवस्था मिलाउनु पर्ने । | | | | |

## रणनीतिक कार्यदिशा – ७
## सूचना व्यवस्थापन तथा प्रविधिको उपयोग

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सूचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ७.१ प्रादेशिकस्तरमा बालविवाह तथा लैङ्गिक हिंसा र शोषणसम्बन्धी तथ्याङ्क संकलन तथा अद्यावधिक भएको हुनेछ ।<br><br>७.२ विभिन्न सूचना तथा सञ्चार माध्यमबाट बालविवाह विरुद्ध बालबालिका तथा | ११.७.१ सञ्चार क्षेत्रको अर्थपूर्ण सहभागिता मार्फत बालविवाह विरुद्धमा विद्यमान कानूनी सबल पक्ष र बालविवाहको सामाजिक, आर्थिक तथा स्वास्थ्यसम्बन्धी नकारात्मक असरहरूको बारेमा अभिमत सृजना गर्ने ।<br><br>११.७.२ बालविवाह विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सामाजिक | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय, पालिका, गैसस, स्थानीय तह, | -पालिकास्तरमा बालविवाह तथा लैङ्गिक हिंसासम्बन्धी तथ्याङ्क संङ्कलन गरी अद्यावधिक गरिएको<br><br>-नेपाल टेलिकम, तथा एनसेलसँग समन्वय गरी सन्देश प्रवाह गरिएको | १ लाख प्रतिपालिका (प्रथम र दोस्रो वर्ष)<br>५ लाख<br><br>३ लाख<br>प्रतिवर्ष ५लाख<br><br>२ लाख प्रतिवर्ष | |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| किशोरकिशोरीहरुले जानकारी पाएका हुनेछन् । | सञ्जाल मार्फत प्रसारण गरी बालविवाह अन्त्यको अभियानलाई सशक्त बनाउने ।<br><br>११.७.३ प्रदेश तथा स्थानीय तहमा बालविवाह सम्बन्धी जानकारी अध्यावधिक राख्न विधुतिय सूचना र सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने तथा बालविवाहविरुद्धको सन्देश सबै सरकारी कार्यालय तथा महत्वपूर्ण सार्वजनिक स्थानहरुमा डिजिटल डिस्प्लेमा राख्ने ।<br><br>११.७.४ प्रदेश तथा सबै पालिका तहमा बालविवाहसम्बन्धी सूचना संकलन, विश्लेषण, अभिलेखीकरण र प्रयोग गर्ने ।<br><br>११.७.५ बालविवाह लगायत बालसंरक्षण सम्बन्धी सूचना व्यवस्थापन गर्न प्रदेश महिला,बालबालिका, युवा | | -एसएमएस तथा मोवाइल एप्लिकेसनबाट बालविवाह विरुद्धको सन्देश प्राप्त गरी जानकारी पाएका किशोर किशोरी संख्या<br><br>-सूचना व्यवस्थापनसम्बन्धी तालिम प्राप्त सूचना अधिकारी मन्त्रालयमा रहेको<br><br>-बालविवाह सम्बन्धी सूचना तथा अनुगमन तथा क्षमता अभिवृद्धि भएको जनशक्ति संख्या<br><br>-प्रत्येक पालिकामा सूचना व्यवस्थापन प्रणाली स्थापना भई चौमासिक रुपमा बालविवाह तथा लैङ्गिक हिंसा सम्बन्धी सूचना अद्यावधिक गरिएको | प्रतिवर्ष प्रतिपालिका | २५,००० | |



प्रदेश सचि

| | | | | | |
|---|---|---|---|---|---|
| | तथा खेलकुद मन्त्रालयमा समाजिक व्यवहार परिवर्तन सम्बन्धी दक्ष जनशक्ति सुनिश्चित गर्ने ।<br><br>११.४.६ सामाजिक सञ्जालहरुमा धार्मिक व्यक्तित्वहरू, ज्योतिष, पुरोहित, धामीझाँक्रीको समाजिक व्यवहार परिवर्तनको दायित्व सुनिश्चित गरी बालविवाहका विरुद्धमा परिचालन गर्ने । | | | | |

प्रदेश सचिव

## रणनीतिक कार्यदिशा – ८
## किशोरकिशोरी तथा महिलाका लागि रोजगारी उद्यमशीलता प्रवर्द्धन

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्था | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ८.१ किशोरकिशोरी तथा महिलाहरुको आर्थिक, व्यावसायिक आत्मनिर्भरता बढेको हुने | ११.८.१ भविष्यमा जीवनवृत्तिका लागि आवश्यक पेशा र उद्यमशीलतासँग सम्बन्धित सूचना तथा जानकारीमा बालबालिकाहरूको पहुँच सुनिश्चित गर्ने ।<br>११.८.२ विद्यालय बाहिर रहेका विवाहित र अविवाहित बालबालिकाहरूका लागि सामाजिक तथा आर्थिक अवसरहरूको सृजना गरी उनीहरूको उद्यमशीलताको विकास गरी आत्मनिर्भर बनाउने तथा पहुँच सुनिश्चित गर्ने । विद्यालयमा भर्ना गरी नियमित विद्यालय जाने वातावरण निर्माण गर्ने ।<br>११.८.३ राष्ट्रियदेखि स्थानीयतह सम्मका सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबीच समन्वय गरी विवाहित र अविवाहित बालबालिकाहरू विशेष गरी विद्यालय बाहिर रहेका बालबालिका र उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरुको पहुँच सुनिश्चित गर्ने । विवाहित बालिकालाई यौन तथा प्रजनन शिक्षामा सहभागी गर्ने ।<br>११.८.४ बालबालिकाहरूलाई शिक्षा, आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर भएपछि मात्र स्वनिर्णयको आधारमा विवाह गर्न अभिप्रेरित गर्ने ।<br>११.८.५ अविवाहित वा विवाहित (विशेष गरी हिंसा, दूर्व्यवहार र बेचविखनमा परेका) बालिकालाई जीवनोपयोगी सीप, आय, आर्जनसम्बन्धी ज्ञानसीप र | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br>उद्योग वाणिज्य संघ,<br>उद्योग मन्त्रालय,<br>स्थानीय तह | -उद्यमशीलता तालिम हासिल गरेका किशोरकिशोरी संख्या<br>-आर्थिक सहायता पाउने संख्या | | निरन्तर रुपमा |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | निशुल्क मनोसामाजिक विमर्श र कानूनी परामर्श सेवाको सुनिश्चितता गर्ने ।<br><br>११.८.६ बालविवाहको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा विपन्न समुदायका बालिका र विवाहित बालिका तथा महिलाका लागि सुरक्षित र गुणस्तरीय औपचारिक र अनौपचारिक शिक्षा तथा आयआर्जनका अवसरहरू सुनिश्चित गर्ने ।<br><br>११.८.७ रोजगारमूलक तालिम प्राप्त किशोरी तथा महिलाहरुलाई सरकारी तथा निजी क्षेत्रसँग समन्वय गरी उद्यम, व्यवसाय सञ्चालन गर्न अभिप्रेरित तथा सहयोग गर्ने ।<br><br>११.८.७ किशोरी तथा महिलाहरुले सञ्चालन गरेको उद्योग व्यवसाय वा सेवाको बजारसम्मको पहुँच र खपतलाई प्रोत्साहन गर्ने । | | | | |

## रणनीतिक कार्यदिशा – ९
## जिल्ला तथा स्थानीय तहसँग समन्वय तथा सहकार्य

| अपेक्षित नतिजा | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय/संस्थाहरु | नतिजाका सुचकहरु | श्रोत अनुमान | समयसीमा |
|---|---|---|---|---|---|
| ९.१ बालविवाह अन्त्यका लागि प्रदेश महिला बालबालिका युवा तथा खेलकुद मन्त्रालय र स्थानीय तहबीच ५० हजारएकीकृत योजना निर्माण भई कार्यान्वयनमा आएको हुने । | ११.९.१ बालविवाहसँग सम्बन्धित सूचना, अनुगमन तथा क्षमता अभिवृद्धिमा सहकार्य गर्ने<br><br>११.९.२ स्थानीय पालिकास्तरमा नतिजामुखी योजना तर्जुमामा प्राविधिक सहयोग गर्ने ।<br><br>११.९.३ प्रदेश सरकारले स्थानीय पालिकाहरुलाई बालविवाहको विषयमा आर्थिक तथा प्राविधिक सहयोग | महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय,<br><br>आर्थिक मामिला तथा योजना मन्त्रालय, | तालिम प्राप्त पालिका पदाधिकारी र कर्मचारीहरुको संख्या<br><br>अभिमुखीकरणमा सहभागी महिला पुरुष संख्या | ३ लाख<br><br>१ लाख पचास हजार<br><br>१ लाख | २०७८/८९-२०८९/८० |



प्रदेश सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | साथै एकीकृत कार्यक्रम निर्माण र कार्यान्वयनका लागि पहल गर्ने ।<br><br>११.९.४ बालअधिकार र बालविवाह अन्त्य गर्न स्थानीय पालिका र वडास्तरीय बालअधिकार समितिहरुमा बालबालिका र किशोरकिशोरीहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।<br><br>११.६.५ स्थानीयस्तरमा आवश्यकतानुसार पालिकास्तरीय तथा वडास्तरीय रणनीतिहरु निर्माण गर्ने ।<br><br>११.९.६ किशोरी तथा महिलाले सञ्चालन गरेका उद्यम, व्यवसायबाट उत्पादित वस्तु एवम् सेवाहरुलाई बजार, सेवाग्राही सम्म पुऱ्याउने तथा प्रवर्द्धन गर्न सरकारी तथा निजी क्षेत्रले समन्वय गर्ने । | स्थानीय तह,<br><br>जिसस | एकीकृत योजना कार्यान्वयन भएमा पालिकाको संख्या<br><br>कार्यशालामा सहभागी महिला र पुरुषको संख्या | | |

प्रदेश सचिव